# विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानी

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन
विभाग स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको आंशिक आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत

**शोधपत्र**

**शोधकर्ता**
सुभाष रिजाल
परीक्षा क्रमाङ्क : २०४०१०३/२०६८
त्रि. वि. दर्ता नं. : १३७१६-९३

कनकाई बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
कनकाई न.पा., झापा

२०७४

त्रि.वि.बाट सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था. २०४७
०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम एड) द्वितीय वर्षका परीक्षा क्रमाङ्क २०४०१०३ २०६८ का छात्र सुभाष रिजालले मेरो प्रत्यक्ष निर्देशनमा **विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानी** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

मिति १८ डिसेम्बर २०१७

(गोपीकृष्ण भट्टराई )
शोध निर्देशक

त्रि.वि.बाट सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम एड द्वितीय वर्षका परीक्षा क्रमाङ्क २०४०१०३ २०६८ का छात्र सुभाष रिजालले **विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानी** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ

शोध मूल्याङ्कन समिति

| नाम र पद | हस्ताक्षर |
| --- | --- |
| १ उप-प्रा आशा शर्मा सिवाकोटी<br>विभागीय प्रमुख | |
| २. गोपीकृष्ण भट्टराई<br>शोध निर्देशक | |
| ३ प्रा डा हेमराज ढकाल<br>बाह्य परीक्षक | |

मिति २ जनवरी २०१८

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा प्रस्तावना लेखनदेखि अन्तिम रुप प्रदान गर्नेसम्मका कार्यमा निरन्तर मार्गनिर्देश तथा सहयोग र सल्लाह प्रदान गर्नुहुने शोध निर्देशक आदरणीय गुरु श्री गोपीकृष्ण भट्टराईप्रति कृतज्ञता सहित आभार व्यक्त गर्दछु ।

अध्ययनकार्यको सफलताका लागि आवश्यक व्यवस्थापकीय सहयोगका साथै हौसला र प्रेरणाका लागि कनकाई बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख आदरणीय गुरु श्री टंकबहादुर कार्की, सहायक क्याम्पस प्रमुख श्री देवेन्द्रकुमार राई तथा शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख आदरणीय गुरु श्री आशा शर्मा शिवाकोटीप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अनुसन्धानका लागि आवश्यक सूचना एवम् जानकारी उपलब्ध गराउनुहुने धुलावारी माध्यमिक विद्यालय, ज्यामिरगढी माध्यमिक विद्यालय र आदर्श माध्यमिक विद्यालयका वि.व्य.स. अध्यक्षहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू, अभिभावकहरू र विद्यार्थीहरूमा धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र कम्प्युटर टाइप गरी यस रूपमा प्रस्तुतयोग्य बनाउन अथक परिश्रम गर्नुहुने खनाल कम्युनिकेशन, विर्तामोडकी सञ्चालिका श्री शकुन्तला खनाल तथा भाषिक शुद्धाशुद्धीमा सहयोग गर्नुहुने शनिश्चरे माध्यमिक विद्यालय, झापाका शिक्षक श्री सि. एम. खनालप्रति समेत आभार प्रकट गर्दछु ।

२०७४ सुभाष रिजाल

# शोधसार

***विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानी*** *शीर्षक अध्ययनका लागि विद्यालयमा वित्तीय व्यवस्थापनको अवस्था अध्ययन गर्ने, विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानीले पारेको प्रभावको लेखाजोखा गर्ने र विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने उपायहरू खोजी गरी उपयुक्त सुझाव प्रस्तुत गर्ने उद्देश्य राखिएको छ ।*

*यो अध्ययन मुख्य रुपमा प्राथमिक तथ्याङ्कमा आधारित रहेको छ । अध्ययनको लागि अन्तर्वार्ता सूची, प्रश्नावली विद्यालय सर्वेक्षण फारम प्रयोग गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनको लागि मिश्रित ढाँचाको प्रयोग गरिएको छ । तथ्याङ्कहरू गुणात्मक र संख्यात्मक दुवै खालका सङ्कलन गरी विश्लेषण गर्ने प्रयास गरिएको छ । यस अध्ययनका लागि झापा जिल्लाका तीनवटा सामुदायिक माध्यमिक विद्यालयहरू छनोट गरिएको छ जसमा मेचीनगर नगरपालिका अन्तरगत सञ्चालित धुलावारी माध्यमिक विद्यालय, ज्यामिरगढी माध्यमिक विद्यालय र आदर्श माध्यमिक विद्यालयलाई छनोट गरिएको छ । अध्ययनको जनसंख्याको लागि उक्त तीनवटै विद्यालयबाट चिट्ठा पद्धतिको आधारमा प्रत्येक विद्यालयबाट १० जना विद्यार्थीहरू, १० जना अभिभावकहरू, १ जना प्रधानाध्यापक, २ जना शिक्षकहरू र १ जना वि.व्य.स अध्यक्षहरू छनोट गरिएको छ ।*

*तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली सूची, अर्न्तवार्ता सूची, विद्यालय सर्वेक्षण फारम आदि प्राथमिक तथ्याङ्क सङ्कलनका साधनहरू र पत्रपत्रिका, जर्नल, लेख, फ्लास रिपोर्ट, भर्ना बही, अभिलेख मूल्याङ्कन आदि प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि सम्बन्धित विद्यालयमा गई सरोकारवालाहरूसँग प्रत्यक्ष कुराकानी, स्थलगत अवलोकन र प्राप्त सूचना तथा अभिलेखको अध्ययन गरिएको छ । प्राप्त तथ्याङ्कहरूलाई सङ्ख्यात्मक र गुणात्मक दुवै ढाँचामा व्याख्या विश्लेषण गरिएको छ । विद्यालयको आय आम्दानी र खर्च विश्लेषण गर्नुका साथै विद्यार्थीहरूको शैक्षिक उपलब्धि समेत लेखाजोखा गरिएको छ ।*

*अध्ययन क्षेत्रका विद्यालयहरूको औसत आय मध्ये सबैभन्दा धेरै सरकारी अनुदान रहेको छ भने अभिभावकबाट शुल्क, विद्यालयको नीजि स्रोत, स्थानीय सरकारबाट र अन्यबाट हुने आय न्यून रहेको पाइन्छ । त्यस्तै गरी खर्चतर्फ सबैभन्दा बढी तलब भत्तामा खर्च भएको पाइन्छ भने पाठ्यपुस्तक, निर्माण तथा मर्मत, छात्रवृत्ति, कम्प्युटर, शैक्षिक*

*सामग्री, मसलन्द, खेलकुद, परीक्षा, टेलिफोन बिजुली, विविध जस्ता शीर्षकमा न्यून प्रतिशत रकम खर्च भएको पाइन्छ । विद्यार्थीहरूको शैक्षिक उपलब्धि सम्बन्धी विश्लेषण गर्दा शैक्षिक वर्ष २०७१, २०७२ र २०७३ मा सबैभन्दा बढी आदर्श माध्यमिक विद्यालयको तथा सबैभन्दा कम ज्यामिरगढी माध्यमिक विद्यालयको पाइन्छ ।*

# विषय सूची


| | | |
|---|---|---|
| सिफारिस पत्र | | i |
| स्वीकृति पत्र | | ii |
| कृतज्ञता ज्ञापन | | iii |
| शोधसार | | iv |
| विषय सूची | | vi |
| तालिका सूची | | viii |
| | **परिच्छेद एक : परिचय** | |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ८ |
| १.३ | अध्ययनको औचित्य | ९ |
| १.४ | अध्ययनका उद्देश्यहरू | १० |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरू | १० |
| १.६ | अनुसन्धानको परिसीमा | १० |
| | **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | १२ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | १६ |
| २.३ | पुनरावलोकनको उपादेयता | १७ |
| | **परिच्छेद तीन : अनुसन्धान विधि** | |
| ३.१ | अनुसन्धानात्मक ढाँचा | १८ |
| ३.२ | अध्ययनको जनसंख्या र नमुना छनोट | १८ |
| ३.३ | अनुसन्धानका साधनहरू | १९ |
| ३.३.१ | प्रश्नावली सूची | १९ |
| ३.३.२ | अन्तर्वार्ता सूची | १९ |
| ३.३.३ | विद्यालय सर्वेक्षण फाराम | १९ |
| ३.४ | तथ्यांक संकलनका स्रोतहरू | १९ |
| ३.४.१ | प्राथमिक स्रोतहरू | १९ |
| ३.४.२ | द्वितीय स्रोतहरू | २० |

३.५ तथ्यांक संकलन प्रक्रिया २०
३.६ तथ्यांक विश्लेषण प्रक्रिया २०

## परिच्छेद चार : नतिजाको विश्लेषण

४.१ विद्यालयमा वित्तीय व्यवस्थापनको अवस्था २१
४.१.१ विद्यालयको आर्थिक स्रोत २२
४.१.२ विद्यालयको खर्च विश्लेषण ३४
४.१.३ विद्यालयको आयस्रोत बढाउने उपायहरु ४०
४.२ विद्यालयको वित्तीय व्यवस्थापनले शैक्षिक उपलब्धिमा पारेको प्रभाव ४१
४.२.१ विद्यार्थी विवरण ४१
४.२.२ एस. एल.सी. र एस ई. ई. नतिजा विश्लेषण ४३
४.२.३ शैक्षिक खर्च र शैक्षिक उपलब्धि बीचको सम्बन्ध ४४
४.३ विद्यालयको शैक्षिक गुणस्तर सुधारका उपायहरू ४५
४.३.१ अतिरिक्त (ट्युसन तथा कोचिङ) कक्षाको व्यवस्था ४५
४.३.२ अतिरिक्त क्रियाकलापहरू ४६
४.३.३ शिक्षक तालिम, सेमिनार र गोष्ठि ४६
४.३.४ तालिमबाट प्राप्त ज्ञान, सिप कक्षाकोठामा प्रयोगको अवस्था ४६
४.३.५ शैक्षिक सामग्री निर्माण र प्रयोगको अवस्था ४७
४.३.६ कक्षा शिक्षणको निरीक्षण र अनुगमनको अवस्था ४७
४.४ अध्ययनका मुख्य प्राप्तिहरू ४७

## परिच्छेद पाँच : निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ४९
५.२ सुझावहरू ५०
५.२.१ नीति निर्माण तह ५०
५.२.२ कार्यान्वयन तह ५०
५.२.३ अनुसन्धान तह ५२
**सन्दर्भग्रन्थ सूची**
**अनुसूची**

# तालिका सूची


तालिका १ : विद्यालयहरूको सरकारी अनुदान रकम (आ.व. २०७०/०७१) २२

तालिका २ : विद्यालयहरूको सरकारी अनुदान रकम (आ.व. २०७१/०७२) २३

तालिका ३ : विद्यालयहरूको सरकारी अनुदान रकम (आ.व. २०७२/०७३) २४

तालिका ४ : अभिभावकबाट प्राप्त आय विवरण (आ.व. २०७०/२०७१) २५

तालिका ५ : अभिभावकबाट प्राप्त आय विवरण (आ.व.२०७१/०७२) २६

तालिका ६ : अभिभावकबाट प्राप्त आय विवरण (आ.व. २०७२/०७३) २६

तालिका ७ : विद्यालयको निजी आयस्रोत (आ.व. २०७०/०७१) २७

तालिका ८ : विद्यालयको निजी आय स्रोत (आ.व. २०७१/०७२) २८

तालिका ९ : विद्यालयको निजी आयस्रोत (आ.व. २०७२/०७३) २८

तालिका १० : स्थानीय सरकारबाट प्राप्त आय (२०७०/०७१) २९

तालिका ११ : स्थानीय सरकारबाट प्राप्त आय (२०७१/०७२) २९

तालिका १२ : स्थानीय सरकारबाट प्राप्त आय (२०७२/०७३) ३०

तालिका १३ : ज्यामिरगढी माध्यमिक विद्यालयको विगत ३ वर्षको आयस्रोत ३१

तालिका १४ : धुलावारी माध्यमिक विद्यालयको विगत ३ वर्षको आयस्रोत ३२

तालिका १५ : आदर्श माध्यमिक विद्यालयको विगत ३ वर्षको आयस्रोत ३२

तालिका १६ : एकीकृत आय विवरण ३३

तालिका १७ : ज्यामिरगढी मा.वि.को ३ आर्थिक वर्षको खर्च विवरण ३५

तालिका १८ : धुलावारी मा.वि.को ३ आर्थिक वर्षको खर्च विवरण ३६

तालिका १९ : आदर्श मा.वि. को ३ आर्थिक वर्षको खर्च विवरण ३७

तालिका २० : खर्चको तुलनात्मक विवरण ३८

तालिका २१ : अभिभावकको तीन वर्षको औसत खर्च ३९

तालिका २२ : ज्यामिरगढी मा.वि.को विद्यार्थी विवरण ४१

तालिका २३ : धुलावारी मा.वि.को विद्यार्थी विवरण ४२

तालिका २४ : आदर्श मा.वि.को विद्यार्थी विवरण ४२

तालिका २५ : ज्यामिरगढी मा.वि.को को नतिजा ४३

तालिका २६ : धुलावारी मा.वि.को को नतिजा ४३

तालिका २७ : आदर्श मा.वि.को को नतिजा ४४

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

राष्ट्रको गतिशील विकास मानव संसाधनमा निर्भर गर्दछ, जसको उत्पादन एउटा राम्रो शिक्षा प्रणालीले प्रदान गर्न सक्दछ । विकासका अन्य क्षेत्रमा गरिएको लगानी बराबर शैक्षिक क्षेत्रमा लगानी गर्ने हो भने राष्ट्रिय आयको वृद्धिदरमा अन्य क्षेत्रको लगानीले भन्दा शिक्षामा गरिएको लगानीले बढी योगदान दिने गर्दछ । शिक्षामा लगानी गर्नाले मानिसलाई परिवर्तित परिस्थितिमा जुध्न सक्ने बनाउँछ । किनकि यसबाट हुन आउने प्रतिफल दर भविष्यमा राम्रो हुन्छ । विकशित देशमा शिक्षालाई आर्थिक दृष्टिकोणले हेरिन्छ । शिक्षामा लगानी गर्नु भनेको राष्ट्रको आर्थिक एवं सामाजिक विकास गर्नु हो । शिक्षाले सामाजिक मूल्य मान्यतालाई जोगाउँदै जान्छ र व्यक्तिको आय आर्जन गर्ने क्षमता वृद्धि गरी जीवन स्तरमा सुधार ल्याउँछ । शिक्षालाई एकातर्फ सामाजिक परम्परा जोगाउने चुनौति छ भने अर्को तर्फ व्यक्तिको आय आर्जन बढाउने चुनौति पनि छ । शिक्षा र विकास एउटा सिक्काको दुई पाटा जस्तै अन्तरनिर्भर हुने भएकोले सरकार, समाज तथा व्यक्तिको शिक्षा क्षेत्रमा लगानीको दर बढाउनु पर्दछ (काफ्ले र अन्य, २०७२ : पृ. २९) ।

जुनसुकै राष्ट्रले आफ्नो योजना, साधन र स्रोतको पर्याप्तका आधारमा शिक्षा क्षेत्रमा बजेट विनियोजन गर्ने गर्दछन् । शिक्षाको विकास भनेको मानवीय स्रोत र साधनको विकास हो शिक्षामा गरिएको लगानी मानव संसाधनको दीर्घकालीन विकासका लागि गरिने लगानीका रूपमा लिने गरिन्छ । कुनै पनि मुलुकको विकासको स्थितिलाई अवलोकन गर्न समेत शिक्षामा गरिएको लगानीमा प्रमुख रूपमा लिइन्छ । जब मानवीय स्रोत र साधनको विकास अधिकतम हुन्छ, तब राष्ट्रको विकासमा हरेक क्षेत्रले विस्तारै गति लिन थाल्दछ । चेतनशील समुदाय बढी भएपछि राष्ट्रको विकास स्वतः अगाडि बढ्दै जान्छ । शिक्षालाई सामाजिक सेवाको रूपमा लिइन्छ । तसर्थ सरकारले शिक्षा क्षेत्रमा बढी लगानी गर्नु पर्दछ । सरकारले शिक्षामा बजेट विनियोजन गर्ने सवाल राष्ट्रको आर्थिक स्थितिमा निर्भर हुने गर्दछ ।

प्राचीनकालमा विभिन्न धार्मिक संस्थाहरुमा गुरुकुलीय पद्धतिमा शैषिक कार्यक्रम सञ्चालन हुँदाका वखत औपचारिक रुपमा कर्तबाट लगानी नहुने भएकाले दान वा भिक्षाका रुपमा सद्विचारी धर्मप्रेमी नागरिकहरुबाट स्वैच्छिक रुपमा लगानी हुने गरेको पाइन्छ ।

शिक्षाको संस्थागत विकासको प्रारम्भिक चरणमा शैक्षिक कार्यक्रमका लागि प्रमुख रुपमा अभिभावकको लगानी रहने गरेको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू भएपछि शैक्षिक क्षेत्रमा सरकारको भूमिका वृद्धि भएसँगै सरकारी लगानी बढ्दै गएको पाइन्छ । २०३२ सालदेखि प्राथमिक तहको शिक्षा निःशुल्क गरी उक्त तहका लागि शिक्षक तलब भत्ता सरकारी अनुदान प्राप्त हुने व्यवस्था भएपछि शिक्षामा सरकारी लगानीको अंश बढ्न थालेको पाइन्छ । पछि माध्यमिक तहसम्मको शिक्षा पूर्ण निःशुल्क भएपछि तबल भत्ता, प्रशासनिक खर्च सरकारले शतप्रतिशत बेहोर्दै आएको छ । वि.सं. २०२८ साल पूर्व नेपालको शिक्षामा हुने शैक्षिक लगानीमा अभिभावकको ठूलो योगदान रहेको देखिन्छ भने हालका वर्षहरुमा सरकारी पक्षको लगानी बढी रहेको पाइन्छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू भएपछि विद्यालय अनुदान कार्यक्रम अन्तर्गत मुलुकभरका प्राथमिक शिक्षक तथा दुर्गम जिल्लाका निम्न माध्यमिक र माध्यमिक शिक्षकको तलब भत्ता श्री ५ को सरकारले शतप्रतिशत बेहोर्नुको साथै दुर्गम भत्ताको व्यवस्था पनि गरेको थियो । अन्य जिल्लाहरूको हकमा निम्न माध्यमिक र माध्यमिक शिक्षा तलब भत्ता वापत क्रमशः ७५% र ५०% अनुदान दिने तर व्यवसायिक माध्यमिक विद्यालयका शिक्षकहरूलाई ७५% नै तलब दिने व्यवस्था गरेको थियो । २०३८ सालदेखि व्यवसायिक माध्यमिक विद्यालय नरहने व्यवस्था भएपछि सबै खाले माध्यमिक विद्यालयहरूलाई ५०% नै तलब भत्ता अनुदान दिने व्यवस्था गरिएको थियो । पञ्चायतकालमा कर्मचारीहरूको तलब भत्ता वृद्धि हुँदा सो अनुपातमा शिक्षकहरूको तलब वृद्धि नगर्दा शिक्षकहरूको आन्दोलनले तत्कालीन सरकारले शतप्रतिशत नै रकम दिने निर्णय गरेको थियो । फलस्वरूप २०४९ सालसम्म माध्यमिक विद्यालयले ६०% तबल भत्ता अनुदान पाएको देखिन्छ (नेशनल एजुकेशन कमिसन, १९९२) ।

२०४६ सालको राजनैतिक परिवर्तन तथा प्रजातन्त्रको पुर्नस्थापना पश्चात नेपालको माध्यमिक शिक्षामा सर्वसाधरणका पहुँच वृद्धि गराउनका लागि निःशुल्क शिक्षा हुनुपर्ने विषयले प्राथमिकता पायो । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले दिएका सुझावहरूलाई आत्मसात गर्दै २०४६ सालपछिको पहिलो जननिर्वाचित सरकारले आ.व. २०४८/०४९ को आफ्नो बजेट वक्तव्य मार्फत माध्यमिक तहको शिक्षालाई शैक्षिक सत्र २०४९/०५० बाट कक्षा ६ देखि क्रमशः लागू हुने गरी निःशुल्क गर्दै जाने निर्णय गऱ्यो ।

तत्पश्चात सरकारले सम्पूर्ण तहका शिक्षकहरूलाई शतप्रतिशत तलब अनुदान दिने घोषणा गरे पश्चात नेपालको माध्यमिक तहको वित्तीय लगानीमा परिवर्तन गर्ने नीति लिएको पाइन्छ ।

आ.व. २०४८/०४९ को बजेट वक्तव्यपछि २०४९ पौष २० गतेको नेपाल राजपत्रमा शिक्षा नियमावली २०४९ जारी गरिएको र उक्त नियमावलीको परिच्छेद २० को उपनियम १ मा शुल्क उठाउन पाउने व्यवस्था गरिएकोले माध्यमिक तहको शिक्षालाई निःशुल्क घोषणा गरे पनि सरकारले विद्यालयलाई आवश्यक पर्ने अनुदान तथा थप शिक्षक दरबन्दीको व्यवस्था गर्न नसकेको तत्कालीन समयमा विद्यालय शिक्षक तलब, स्टेशनरी, मसलन्द तथा भौतिक निर्माणका लागि न्यून रूपमा भए पनि शुल्क उठाउने गरेको पाइन्छ । यसै गरी २०५३ पौष २६ गतेको नेपाल राजपत्रमा जारी गरिएको शिक्षा (पाचौं संशोधन) नियमावली २०५३ को परिच्छेद २० र नियम १०९ को उपनियम १ (क) मा सार्वजानिक विद्यालयहरूले मासिक पढाइ शुल्क, प्रवेश वा पुनः प्रवेश शुल्क बाहेक विविध शुल्कहरू उठाउन पाउने व्यवस्था गरेको पाइन्छ ।

शिक्षा नियमावली, २०४९ को परिच्छेद २५ र नियम १४६ को उपनियम १ मा व्यवस्था भए बमोजिम विद्यार्थीहरूबाट लिन पाउने शुल्कहरूको विवरण र नियम १४७ मा शुल्क उठाउने मापदण्डको निर्धारण गरिएको छ । यस नियमावलीमा शिक्षा मन्त्रालयको स्वीकृति लिएर नियमावलीमा उल्लेख गरिएका शुल्कहरू लिन पाउने व्यवस्था गरेकोले वर्तमान माध्यमिक शिक्षालाई निःशुल्क भनेर भन्न सकिन्न । तर सामुदायिक माध्यमिक विद्यालयले गरिबीका रेखामुनि रहेका दलित, जनजाति र महिला विद्यार्थीहरूलाई निःशुल्क शिक्षाले न्यायपूर्ण व्यवस्था गरेको पाइन्छ (शिक्षा नियमावली, २०५९) ।

नेपालको वर्तमान शिक्षाको संरचना अन्तर्गत आधारभूत तह कक्षा (१-८) र माध्यमिक तह कक्षा (९-१२) मानिएको छ । माध्यमिक शिक्षा देशको शिक्षा प्रणालीको महत्वपूर्ण पाटो हो । राष्ट्रलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नु र उच्च शिक्षाको आधार प्रदान गर्नु माध्यमिक शिक्षामा निर्भर गर्दछ । “उच्च शिक्षाको गुणस्तर भनेको राज्यलाई आवश्यक पर्ने सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा उच्चस्तरको जनशक्ति उत्पादन गर्नु हो, जुन माध्यमिक शिक्षाको गुणस्तरमा निर्भर गर्दछ” (विष्ट, २०००) ।

शिक्षामा पहुँच बढाई समानता कायम गर्न र खर्चको अभावमा कसैले पनि शिक्षाबाट बञ्चित हुन नपरोस् भन्नाका लागि शिक्षा ऐन सातौं संशोधनले गरिब र सुविधा विमुख समूहलाई लक्षित छात्रवृत्तिको व्यवस्था मिलाइएको पाइन्छ। हाल माध्यमिक शिक्षा सहयोग कार्यक्रम, विद्यालय क्षेत्र सुधार कार्यक्रम, विद्यालय सुधार कार्यक्रम, सबैका लागि शिक्षा जस्ता कार्यक्रमहरूबाट विद्यालयमा अपांग छात्रवृत्ति प्रति विद्यार्थी १७५०।- का दरले, दलित छात्रवृत्ति प्रतिविद्यार्थी ४००।- का दरले, माध्यमिक शिक्षा छात्रवृत्ति प्रति विद्यार्थी ५००।- का दरले, प्रति विद्यार्थी कोष २८५।- दरले समुदायमा हन्तान्तरित माध्यमिक विद्यालयलाई ७८,०००।- का दरले अगुवा विद्यालय कार्यक्रम मार्फत र विद्यालय राम्रो व्यवस्थापन गरे वापत ५०,०००।- का दरले अनुदान दिने व्यवस्था छ। सरकारले विद्यालयले तयार गरेको सुधार योजनालाई सहयोग गर्ने उद्देश्यले विद्यालय अनुदान कार्यान्वयन निर्देशिका अनुसार आधारभूत र माध्यमिक तहका लागि प्रशासनिक खर्च शीर्षकमा क्रमशः रु.११०००।-, १३,०००।- र २१,०००।- एवं मसलन्द शीर्षकमा आधारभूत तहका लागि प्रति शिक्षक रु.३००।- का दरले माध्यमिक तहका लागि रु.५००।- का दरले अनुदान दिने व्यवस्था गरेको छ। शैक्षिक सामग्री संकलन र निर्माण तथा भवन मर्मत सम्भार जस्ता शीर्षकमा रकम दिने व्यवस्था भए पनि विद्यालयको व्यवस्थापन सम्बन्धी असक्षमताका कारण शैक्षिक गुणस्तर अपेक्षा अनुरूप राम्रो भएको देखिएको छैन।

यसरी सरकारले शिक्षा क्षेत्रमा गरेको न्यून आर्थिक लगानी स्थानीय तह र अभिभावकको लगानी बमोजिम शैक्षिक गुणस्तर माथि उठ्न सकेको छैन। सामुदायिक माध्यमिक विद्यालयको शैक्षिक गुणस्तर दिन प्रतिदिन खस्कँदै गएको अवस्था देखिन्छ। यसर्थ सरकारले शिक्षाको गुणस्तर अभिवृद्धि गर्न गरेको लगानी र शैक्षिक गुणस्तरको अवस्था अध्ययन गर्नु आवश्यक देखिएकोले अनुसन्धान कार्य शुरु गरिएको छ।

विकासोन्मुख अन्य देशहरूको तुलनामा नेपालको प्रतिव्यक्ति आय ज्यादै कम रहेको छ। यसले व्यक्तिलाई आफ्नो सम्पूर्ण खर्च पुऱ्याउन गाह्रो हुने गर्दछ। तसर्थ व्यक्ति तथा समाजले शिक्षा क्षेत्रमा पर्याप्त लगानी गर्न सकेको छैन। नेपालको जनसंख्या वृद्धिको अनुपातमा उत्पानको वृद्धिदर समानुपातिक नदेखिएकोले राष्ट्रमा गरिबीको संख्या दिन प्रतिदिन वृद्धि हुँदै गएको छ। यही गरिबीको कारणले विद्यालय जाने उमेर समूहका सबै बालबालिका विद्यालय जान सकिरहेका छैनन्। जनसंख्यामा भएको तीब्र वृद्धिका साथसाथै

जनतामा आएको शिक्षाप्रतिको चेतना, जागरण र सरकारले शिक्षामा जोड दिँदै जानुले नेपालका सबै तहमा विद्यार्थी संख्या बढ्दै गएको पाइन्छ । १९९४ मा केन्द्रीय तथ्यांक विभागले गरेको जनसंख्या प्रक्षेपणले पनि माध्यमिक उमेर (१०-१५) वर्ष समूहको जनसंख्या सन् २०११ सम्ममा ३५ लाख पुग्ने अनुमान गरिएको छ । यस प्रक्षेपणले पनि माध्यमिक शिक्षामा थप लगानीको आवश्यकता देखिन्छ । यसरी जनसंख्या तथा विद्यार्थी सहभागिता दर बढ्दै जाँदा सरकारले गर्ने सरकारी खर्च तथा शैक्षिक खर्चमा पनि वृद्धि गर्दै लैजानुपर्ने देखिएकोले आउँदा दिनहरूमा सरकारलाई थप आर्थिक भार पर्ने देखिन्छ ।

नेपालको माध्यमिक शिक्षाको इतिहास हेर्दा वित्तीय व्यवस्थापनमा अभिभावक र समुदायको अहम भूमिका रही आएको पाइन्छ । विद्यालयलाई आवश्यक पर्ने रकम, जग्गा तथा अन्य शैक्षिक सहयोगले माध्यमिक तहको आर्थिक व्यवस्थापनको सन्तोषजनक अवस्था रहेको थियो । वर्तमान समयमा सरकारले निःशुल्क शिक्षाको घोषणा गरे पनि सरकारले विद्यार्थी संख्या र विषय अनुसारको शिक्षक दरबन्दीको व्यवस्था गर्न सकेको देखिँदैन । अर्कोतर्फ निःशुल्क शिक्षाको विरोधाभासपूर्ण नीतिले गर्दा विद्यालय तथा अभिभावकहरू सबै अन्योलमा परेका छन् । विद्यालयमा आम्दानीका स्रोतहरू सीमित छन् । आवश्यक परे जति स्रोत जुटाउन नसकेका कारण विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर गिर्दो अवस्थामा पुगेको छ ।

विद्यालयको स्वामित्वमा रहेको जग्गा मोहीले कब्जा गरिरहेको अवस्था छ । सरकारले माध्यमिक शिक्षाका लागि कुल शैक्षिक बजेटको करिब २४% विनियोजन गर्दछ । सरकारबाट विद्यालयले प्राप्त गर्ने अनुदानको प्रायःजसो सबै रकम शिक्षक तलब भत्तामा खर्च हुने गर्दछ । भौतिक सुविधा विस्तार र कर्मचारी व्यवस्थापनका लागि सरकारी सहायता अत्यन्त कम रहेको छ । विद्यालयको भौतिक तथा शैक्षणिक स्रोत तथा साधन स्थानीय सहभागितालाई परिचालन गर्ने भनिए तापनि हालका वर्षहरूमा उक्त सहभागिता घट्दै गएको छ । विद्यालयको आम्दानीका स्रोत सुक्दै गएका छन् । परिणामस्वरूप विद्यालय भित्रका गतिविधिको गुणस्तर वृद्धि गर्न आवश्यक खर्च पर्याप्त हुन सकेको छैन । निःशुल्क माध्यमिक शिक्षाले शिक्षकहरूलाई तलब भत्ताको चिन्ताबाट मुक्त गरे पनि विद्यालयहरूलाई गुणात्मक शिक्षाको सन्दर्भमा अझ कमजोर बनाएको छ । सरकारले शिक्षामा सम्पूर्ण जिम्मेवारी लिन्छ भन्ने भ्रम स्थानीय निकाय र अभिभावकमा पर्न गएको छ ।

हाम्रो जस्तो गरिब मुलुकमा शैक्षिक लगानी वैदेशिक सहायतता तथा ऋणको स्थान ज्यादै महत्त्वपूर्ण रहेको छ । २५% रकम वैदेशिक सहायताबाट प्राप्त हुने गरेको छ । साधारण बजेटको शतप्रतिशत भार सरकारले आन्तरिक स्रोतबाट व्यहोर्ने गरेको देखिन्छ । वैदेशिक स्रोतबाट प्राप्त बजेट मध्ये विगतमा अनुदानको अंश बढी हुने गरेकोमा हालको दशकमा ऋणको मात्रा बढी हुने गरेको छ । हाल सरकारका तर्फबाट माध्यमिक शिक्षामा प्रति विद्यार्थी रु.१५००।- खर्च भइरहेको छ भने अभिभावकबाट सामुदायिक विद्यालयमा रु.१३४०।- र नीजि विद्यालयमा ६८,७३३।- खर्च गर्ने गरेका छन् । माध्यमिक शिक्षालाई गुणस्तरीय बनाई विश्व बजारमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न सरकारी अनुदान रकमले मात्र सम्भव  छैन । तसर्थ अभिभावकलाई वित्तीय लगानीमा जुटाउनु आजको आवश्यकता र समस्या पनि हो (काफ्ले, २०७२) ।

शिक्षा मानवीय अधिकार हो । वर्तमानमा शैक्षिक क्षेत्रमा गरिएको लगानी भविष्यको लागि आम्दानीको स्रोत हो । हाम्रो जस्तो गरिब मुलुकले न त सरकारी तवरले शैक्षिक लगानी वृद्धि गर्न सक्छ न त अभिभावक नै लगानी गर्न जुटेको अवस्था छ । गरिबीको कारणले गर्दा अझै पनि धेरै मानिसहरू विभिन्न तहको शिक्षाबाट वञ्चित हुन परेको अवस्था छ । धेरैजसो विद्यालय उमेरका बालबालिकाहरू आर्थिक विपन्नताका कारणले निःशुल्क शिक्षा हुँदाहुँदै रोजीरोटीको लागि विद्यालय जान सकिरहेका छैनन् । नेपालको माध्यमिक तहको शिक्षाले विकासको धेरै फड्को मार्दै आजको अवस्थामा आइपुग्दा पनि माध्यमिक शिक्षामा विद्यार्थी सहभागिताको स्थिति सन्तोषजनक रहेको पाइँदैन । अर्कोतर्फ विश्वको शिक्षाको स्तर र विकासको तुलनामा नेपालको माध्यमिक तहको शिक्षामा जति विकास हुनुपर्ने हो त्यति हुन सकिरहेको छैन ।

आधारभूत तहको वास्तविक भर्नादरको तुलनामा माध्यमिक उमेरका धेरै बालबालिकाहरू शिक्षाबाट वञ्चित रहेका देखिन्छन् । फलतः माध्यमिक तहको गुणस्तरमाथि अनेक प्रश्न चिह्नहरू रहेका छन् । त्यसले गर्दा विद्यालयहरूको शैक्षिक अवस्था लक्ष्य विहिन भएको देखिन्छ । यस तहमा सरकारले गर्ने लगानीको पूर्ण उपयोग हुन नसकेको गुनासो पाइन्छ । विद्यालयहरूमा न्यूनतम भौतिक सुविधाको अभाव र जनसहभागिताको कमी रहेको छ । खास गरी शहरी क्षेत्रहरूमा नीजि विद्यालयहरू प्रति अभिभावक एवं विद्यार्थीहरू बढी आकर्षित देखिन्छन् किनकि सरकारको शिक्षामा न्यून लगानी र उपलब्ध

बजेटको प्रभावकारी बाँडफाँडको अभाव, स्रोतको अधिकतम उपयोगको अभाव र शैक्षिक खर्च र उपलब्धिको असमान वितरण माध्यमिक शिक्षाको समस्या हो ।

राष्ट्रिय शिक्षा आयोग (१९९२) का अनुसार नेपालको माध्यमिक शिक्षा विकासको पहिलो ऐतिहासिक खुट्किलोको रूपमा सन् १८५४ मा दरबार हाइस्कूलको स्थापनालाई लिइन्छ । नेपालमा २००७ सालभन्दा अघि राणाकालीन शासन व्यवस्थामा शिक्षा सर्वसुलभ तथा सबैको लागि खुल्ला थिएन । वि.सं. २००७ सालमा बहुदलीय प्रजातन्त्रको स्थापनापछि मात्र माध्यमिक शिक्षाको विकास र विस्तार नेपालमा भएको पाइन्छ ।सन् १९५१ मा नेपालमा निम्न माध्यमिक र माध्यमिक गरी ११ वटा विद्यालय १६८० जना मात्र विद्यार्थी संख्याथियो । जनतामा शिक्षाप्रति चासो बढेका कारण सबैतिर विद्यालयहरू स्थापना हुँदै गएकाले सन् १९९४ मा माध्यमिक विद्यालय संख्या ७२२१ र विद्यार्थी संख्या ९,४४,५०९ पुगेको पाइन्छ । सन् १९५१ मा देखिने कुल विद्यार्थी भर्नादर ०.३% बाट वृद्धि भएर १९९४ मा आइपुग्दा ३९.६% पुगेको पाइन्छ ।

शर्मा (२०५९) ले नेपालमा शिक्षा आयोगहरूको प्रतिवेदनहरूको संग्रहमा उल्लेख गरे अनुसार वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना गठन भयो । शिक्षामा परिवर्तन गर्ने उद्देश्य लिएर पहिलो पटक शिक्षाका राष्ट्रिय लक्ष्य तथा उद्देश्यहरू किटान गऱ्यो र शिक्षालाई एक राष्ट्रिय प्रणालीमा समावेश गरी शिक्षाको संरचना निधार्रण गऱ्यो । यस योजनाले विद्यालयलाई साधारण तथा व्यवसायिक विद्यालयको रूपमा वर्गीकृत गऱ्यो । शिक्षक तालिमको व्यवस्था, देशभर एउटै पाठ्यक्रमको व्यवस्था, पाठ्यपुस्तकको निर्माण, विद्यालयको निर्माण कार्यमा जनसहभागिता प्रोत्साहन गर्दै यस योजनाले व्यवसायिक शिक्षामा जोड दिइएको पाइन्छ । २०३२ सालमा तत्कालीन सरकारले प्राथमिक शिक्षालाई निःशुल्क प्रदान गर्ने नीति अवलम्बन गऱ्यो । प्राथमिक शिक्षकको तलब शतप्रतिशत नै सरकारले व्यहोऱ्यो । २०२८ सालदेखि लगभग २० वर्षसम्म राष्ट्रिय शिक्षा पद्धतिको योजनामा केही कानुनी परिवर्तन देखिए पनि शिक्षाको नीतिमा ठूलो परिवर्तन देखिएन । २०४६ सालको बहुदलीय प्रजातन्त्रको पुनर्बहाली भएपछि गठित सरकारले शिक्षा पद्धतिलाई समयसापेक्ष गति दिन र शिक्षा क्षेत्रमा देखा परेका कमी कमजोरीलाई हटाउन २०४८ सालमा राष्ट्रिय शिक्षा आयोगको गठन गऱ्यो । यस आयोगले आफ्नो प्रतिवेदन २०४९ सालमा सार्वजानिक गर्दै माध्यमिक शिक्षा विकासको महत्त्वपूर्ण सुझाव पेश गऱ्यो । २०५४

सालमा तत्कालीन सरकारले विद्यमान शिक्षानीति, कार्यक्रम र संगठनात्मक स्वरूपलाई अझ सुदृढीकरण गर्नुपर्ने महशुस गरी राष्ट्रिय शिक्षा आयोगको गठन २०५४।२।१५ मा गरी २०५५।२।३१ गते प्रतिवेदन पेश गरेको थियो ।

उक्त आयोगले माध्यमिक शिक्षालाई सर्वसुलभ, निःशुल्क र गुणस्तरीय बनाउने, राष्ट्रप्रति समर्पित स्वावलम्बी नागरिक उत्पादन गर्ने र माध्यमिक विद्यालयलाई सरकारी अनुदान कायम राख्दै समुदायमा हस्तान्तरण गर्ने शिक्षाको राष्ट्रिय नीति रहेको पाइन्छ । २०५८।१।२९ मा शिक्षा सम्बन्धी उच्च स्तरीय कार्य समितिको गठन गरी विद्यालय शिक्षालाई अझ व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउने उद्देश्यले शैक्षिक गुणस्तर अभिवृद्धि र सामुदायिक विद्यालयले असुल गरिरहेको शुल्क सम्बन्धी औचित्य सहित ठोस निर्णयमा पुग्न उच्च स्तरीय कार्यसमितिको गठन गरेको पाइन्छ । यस कार्यसमितिले माध्यमिक शिक्षामा हाल सार्वजानिक विद्यालयहरूलाई दिंदै आएको अनुदान यथावत राखिने र लागतको आधारमा खर्च उठाउने सिद्धान्त अनुसार माध्यमिक विद्यालय शुल्क निर्धारणको मापदण्ड लागू गर्ने सुझाव दिएको पाइन्छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना पछिका वर्षहरुमा विद्यालय शिक्षा पूर्ण निःशुल्क हुनुपर्ने विषयले प्राथमिकता पाएकाले यदाकदा विद्यालयहरुले विभिन्न शीर्षकमा सङ्कलन गर्ने गरेको शुल्क सङ्कलन समेत बन्द भएको छ । शिक्षक कर्मचारीका लागि तलब भत्ता, भवन निर्माण, शैक्षिक सामग्री, छात्रवृत्ति, मसलन्द जस्ता विविध शीर्षकमा अनुदानको व्यवस्था हुने गरेको वर्तमान परिस्थितिमा विद्यालय शिक्षामा आर्थिक लगानीको स्रोत सरकार मात्र रहेको पाइन्छ ।

## १.२ समस्याको कथन

नेपालका विद्यालयहरूमा भएको शैक्षिक लगानीको तुलनात्मक अवस्थालाई हेर्दा जुन रूपमा प्रभावकारी, सर्वसुलभ र गुणस्तरीय हुनु पर्ने हो, त्यो रूपमा हुन सकिरहेको पाइँदैन । बढ्दो शैक्षिक बेरोजगारी, विद्यालयप्रति समुदायको चासो घट्दै जानु विद्यालय उमेर समूहका सबै बालबालिकाहरू भर्ना नहुनु, उल्लेख्य रूपले कक्षा छाड्ने र दोहोऱ्याउने दर नघट्नु, विद्यार्थीहरूको उपलब्धिदर सन्तोषजनक नहुनु, विद्यार्थीहरूको दक्षता माथिल्ला तहहरूमा घट्दै जानु र हाम्रो शिक्षाबाट उत्पादित जनशक्ति बाह्य प्रतिस्पर्धामा कमजोर देखिनु जस्ता कुराहरूले शिक्षामा प्रभावकारिता र गुणस्तरको पक्षमा प्रशस्तै चुनौतिहरू

रहेका छन् भन्ने कुरालाई स्पष्ट पार्दछन् । नेपालको वर्तमान शैक्षिक अवस्थालाई हेर्दा यो ज्यादै गहन र महत्त्वपूर्ण विषयवस्तुको रूपमा रहेको देखिन्छ । हरेक वर्षको एस.एल.सी. परीक्षाको नतिजालाई विश्लेषण गरेर हेर्दा विद्यार्थी उत्तीर्णदर न्यून हुँदै गइरहेको छ । एस.एल.सी. मा असफल भएकै कारणले लाखौं युवा जनशक्ति विदेशिने तथ्य हाम्रो सामु छर्लंग रहेको छ । त्यसैले सरकारले गरेको लगानी अनुरूपको देश विकासका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन हुन नसक्ने अवस्था रहेको देखिन्छ । यस परिप्रेक्ष्यमा सामुदायिक माध्यमिक विद्यालयहरुमा गरिएको आर्थिक लगानी तथा त्यसले शिक्षण सिकाइ उपलब्धिको स्तरीयतामा पारेको प्रभावलाई निर्क्योल गर्नु र विद्यालयको शैक्षिक गुणस्तर तथा आर्थिक लगानीको बीचमा अन्तरसम्बन्ध केलाउनु वाञ्छनीय रहेकाले विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानीको अवस्थालाई मुख्य विषयवस्तुको रूपमा लिई प्रस्तुत अनुसन्धान अगाडि बढाइएको छ ।

## १.३ अध्ययनको औचित्य

नेपालको जनसंख्या दिन प्रतिदिन बढ्दै गइरहेको अवस्थामा माध्यमिक विद्यालय उमेर समूह (१०-१७ वर्ष) को जनसंख्यापनि बढ्दै गएको छ । सरकारको वर्तमान निःशुल्क माध्यमिक शिक्षा नीतिले माध्यमिक तहको शिक्षालाई सर्वसुलभ बनाउन खोजिएको छ । तर प्रतिवर्ष प्रवेशिका परीक्षामा विद्यार्थी उत्तीर्णदर भने घटिरहेको वर्तमान अवस्थामा राष्ट्रिय उद्देश्य अनुरूपको दक्ष जनशक्ति उत्पादनका लागि गुणस्तरीय शिक्षा प्रदान गर्नु जरुरी रहेको छ । तसर्थ सरकारी लगानी र अभिभावकहरूको सही लगानी अभिवृद्धि गर्नु र शैक्षिक गुणस्तरलाई वृद्धि गर्नु आजको आवश्यकता हो । तसर्थ यसबारे अध्ययन अनुसन्धान गर्नु औचित्यपूर्ण देखिएको हुँदा विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानीको प्रभाव शीर्षक छनोट गरिएको छ ।

प्रस्तुत अध्ययनमा वर्तमान समयमा देखा परेका माध्यमिक विद्यालय सम्बन्धी वित्तीय समस्याहरूको पहिचान गर्ने प्रयत्न गरिएको हुनाले यसबाट माध्यमिक विद्यालयको वित्तीय व्यवस्था सम्बन्धमा अध्ययन अनुसन्धान गर्न चाहने अध्येताहरुलाई सन्दर्भ स्रोत सामग्री उपलब्ध हुने अपेक्षा गरिएको छ । यसका साथै माध्यमिक विद्यालयको वित्तीय लगानीको अवस्था बारेमा जान्न चाहने जो कसैलाई प्रस्तुत अध्ययनले जानकारी प्रदान गर्नेछ ।

## १.४ अध्ययनका उद्देश्यहरू

प्रस्तुत अध्ययनका निम्नानुसारका उद्देश्यहरू रहेका छन् :

१. विद्यालयमा वित्तीय लगानीको अवस्था पहिचान गर्नु,

२. विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानीले पारेको प्रभावको लेखाजोखा गर्नु,

३. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

प्रस्तुत अध्ययनलाई अगाडि बढाउने क्रममा निम्न अनुसार अनुसन्धानात्मक प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छः

१. विद्यालयका वित्तीय स्रोतहरू के के हुन् ?

२. विद्यालयमा सरकारी अनुदानबाट प्राप्त रकम के के शीर्षकमा खर्च हुने गरेको छ ?

३. विद्यालयमा अन्य स्रोतबाट प्राप्त रकम के के शीर्षकमा खर्च हुने गरेको छ ?

४. विद्यालयले प्रशासनिक कार्यमा गर्ने गरेको खर्चको हिस्सा कति हुने गरेको छ ?

५. विद्यालयले शिक्षण सिकाइको क्षेत्रमा गर्ने गरेको खर्चको हिस्सा कति हुने गरेको छ ?

६. वित्तीय लगानीबाट गुणात्मक शिक्षण सिकाइमा कस्तो प्रभाव पारेको छ ?

७. विद्यालयको वित्तीय व्यवस्थापनमा सुधार गरी शिक्षाको गुणस्तर वृद्धि गर्न के के उपायहरू अवलम्बन गर्नु पर्दछ ?

## १.६ अनुसन्धानको परिसीमा

ज्ञानको भण्डार विस्तृत हुने भएकोले अध्ययन अनुसन्धानबाट धेरै तथ्यहरू प्राप्त गर्न कठिन हुन्छ । सीमित र निश्चित प्रयोजनका लागि प्रस्तुत शोध अध्ययन तयार गरिएको हुनाले यस कार्यमा समय र जनशक्ति पनि अभाव रहेको छ । प्रस्तुत शोधमा सामुदायिक माध्यमिक विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानीको प्रभाव बारे सीमित रही अनुसन्धान गरिएको छ ।

झापा जिल्लाका १७ वटा स्रोतकेन्द्रहरु मध्ये काँकरभिट्टा स्रोतकेन्द्रलाई नमुनाका रूपमा लिई उक्त स्रोतकेन्द्रभित्र सञ्चालित ३ वटा सामुदायिक माध्यमिक विद्यालयहरूको अध्ययनमा प्रस्तुत अध्ययनलाई सीमित गरिएको छ । माध्यमिक तहमा उपलब्ध शैक्षिक अनुदान मध्ये भौतिक निर्माण र विद्यार्थी कल्याण (छात्रवृत्ति, पाठ्यपुस्तक, शैक्षिक सामग्री)

अनुदानको आधारमा विद्यार्थीहरूको शैक्षिक उपलब्धि विश्लेषण गरिएको छ। अध्ययनको क्रममा नमुनामा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, वि.व्य.स. अध्यक्ष, विद्यार्थी र अभिभावकहरूमा मात्र अध्ययनको सीमा निर्धारण गरिएको छ। नमुनाको रुपमा छनोट भएका विद्यालयहरूको आर्थिक वर्ष २०७०/०७१, २०७१/०७२, २०७२/०७३ को लगानीमा आधारित भई २०७१, २०७२ र २०७३ सालको एस. एल. सी. परीक्षाको नतिजा विश्लेषण गरिएको छ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

अध्ययनको विषयवस्तुसँग मिल्ने खालका पूर्व प्रकाशित शोधपत्रहरू तथा सान्दर्भिक अनुसन्धानात्मक लेख रचनाहरूको यस परिच्छेदमा पुनरावलोकन गरिएको छ। अध्ययनलाई अगाडि बढाउने क्रममा शैक्षिक लागत र लाभको विश्लेषण गर्न उपयुक्त सैद्धान्तिक खाकाको उपयोग गरिएको छ। शैक्षिक उपादेयतालाई पनि यसै परिच्छेदमा उल्लेख गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनमा पूर्व साहित्य समीक्षाको क्रममा नेपालका सामुदायिक विद्यालयहरूको शैक्षिक लगानी र शैक्षिक उपलब्धि सम्बन्धी साहित्यहरूको समीक्षा गरिएको छ। यस अन्तर्गत विद्यालयको आयस्रोत, सरकारी अनुदान, विद्यालयमा स्रोत परिचालन अवस्था, शैक्षिक उत्पादन तथा सामुदायिक विद्यालयसँग सम्बन्धित शैक्षिक, भौतिक र मानवीय समस्या जस्ता विषयवस्तुहरूमा केन्द्रित रही पूर्व साहित्यको पुनरावलोकन गरिएको छ। पूर्व  साहित्य अध्ययन गर्ने क्रममा सामुदायिक विद्यालयहरूको शैक्षिक लगानी, खर्च र उपलब्धि सम्बन्धी अनुसन्धात्मक लेख रचना र साहित्यलाई आधार बनाइएको छ। संस्थागत विद्यालयका बारेमा गरिएका र सामुदायिक विद्यालयलाई आधार बनाएर गरिएका अनुसन्धानले पनि सामुदायिक विद्यालयको शैक्षिक लागत र उपलब्धिको अध्ययन गर्न सघाउ पुग्ने विश्वास लिइएको छ।

मेटकन कन्सल्टेन्स (१९९६) ले माइक्रो स्टडी अफ स्कूल फाइनान्स शीर्षकमा अध्ययन गरेको पाइन्छ। यस अध्ययनको मुख्य उद्देश्य माध्यमिक विद्यालयको आयस्रोत र खर्चको अवस्थाका बारेमा अनुसन्धान गरी समस्या पहिचानका साथ समाधानका उपायहरूको खोजी गर्नु थियो। अध्ययन अनुसार सन् १९९४ र १९९५ को औसतमा १९ वटा सरकारी माध्यमिक विद्यालयहरूको औसत वार्षिक आम्दानी रु.१,१३,४२४ रहेको थियो। जसमा सरकारी अनुदान ४८.१%, अभिभावकबाट ३५.१% र अन्य स्रोतहरूबाट १६.१% भएको उल्लेख गरिएको छ। यस अध्ययनले मा.वि. को प्रमुख आयस्रोत सरकारी अनुदान नै रहेको देखिएकोले अगाडिका दिनहरूमा माध्यमिक विद्यालयहरूले आफ्नो आर्थिक स्रोतलाई सुदृढ बनाउन आम्दानीका वैकल्पिक स्रोतहरू पहिल्याउन सुझाव दिएको पाइन्छ। यस अध्ययनले गरेको माध्यमिक विद्यालयको खर्च विश्लेषण अनुसार जम्मा खर्चमा निम्न

माध्यमिक तलब भत्तामा २०.२% र माध्यमिक विद्यालयको तलब भत्तामा ४७.५% गरी जम्मा तलब भत्ता खर्च ९७.७%, कर्मचारी तलब भत्ता ८५%, अन्य विविध शीर्षकहरूमा २७.८% खर्च देखिन्छ । यसर्थ ठूलो अंश तलब भत्तामा खर्च हुन गएको र विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्ने जस्ता शीर्षकहरूमा कम प्रतिशत खर्च हुनाले विद्यालयको बचत कोषबाट शैक्षिक गुणस्तर वृद्धि गर्ने कार्यक्रममा खर्च गर्न सुझाव दिएको पाइन्छ । मेटकनले आफ्नो अध्ययनमा विद्यालयले गरेको खर्चको आधारमा प्रतिविद्यार्थी लागत गणना गरेको पाइन्छ । यस अनुसार नेपालको ग्रामीण क्षेत्रमा रहेको सरकारी माध्यमिक विद्यालयमा प्रति विद्यार्थी खर्च रु.२२४३।- र शहरी क्षेत्रमा रु.२९५३।- पर्न आएको देखाएको छ । यसै गरी नेपालको भौगोलिक क्षेत्र अनुसार पहाड, तराई र काठमाडौं उपत्यकाका सरकारी माध्यमिक विद्यालयमा प्रतिविद्यार्थी लागत क्रमशः रु २६०५।- रु २१७३।- र रु ३८०६ लागेको देखाएको छ । सो अनुसन्धानबाट प्राप्त निष्कर्षको आधारमा सन् १९९५/०९६ र सन् १९९६/०९७ को औसत प्रतिविद्यालय वार्षिक आम्दानी रु. १,४१६,०००।- मध्ये सरकारी अनुदान ५५.३%, अभिभावकहरूबाट २४.२% र अन्य स्रोतबाट २०.६% रहेको छ । यसै गरी प्रतिविद्यालय वार्षिक खर्च रु. १२,२४,०००।- मध्ये शिक्षक तलब भत्तामा ५४.५% कर्मचारी तलब भत्तामा १५.३%, शैक्षिक सामाग्री खरिदमा ४.७% र अन्य विविध शीर्षकमा २५.५% देखाइएको छ । यस अध्ययनले विद्यालयले गरेको खर्चको आधारमा ६-१० कक्षाको प्रति विद्यार्थी औसत लागत रु.१५४३।- र अभिभावकले गरेको खर्चको आधारमा भएको प्रति विद्यार्थी रु.२४०७।- देखाइएको छ । यस अध्ययनले प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा गरी जम्मा विद्यार्थी संख्या ७०९ र शिक्षक संख्या २८ जनाको आधारमा विद्यार्थी, शिक्षक अनुपात २५.१% भएको देखाएको छ ।

विष्ट (२०००) ले माध्यमिक शिक्षा विकास परियोजनाको मूल्यांकनका आधारमा "Attempts Toward Improving the Quality of Secondary Education in Nepal" नामक विषयमा माध्यमिक तथ्यांक प्रयोग गरी अध्ययन गरेका छन् । यस अध्ययनमा सरकारी बजेटका आधारमा प्रति विद्यार्थी लागतको गणना गर्दै सन् १९९२ मा प्रति विद्यार्थी लागत रु.६५४।- भएकोमा सन् १९९८ मा उक्त लागत वृद्धि भई रु.१८१६।- पुगेको देखाइएको छ । शिक्षामा गरिएको सरकारी खर्चको प्रवाहको बारेमा उनको अध्ययनले सन् १९९२/०९३ मा कुल ग्रार्हस्थ उत्पादनको २.५% र सन् १९९८/०९९ मा २.६% शिक्षामा लगानी भएको देखाएको छ । यसै गरी सन् १९९२/०९३ मा कुल सरकारी खर्चको शैक्षिक खर्च १३.४% र

सन् १९९९/२००१ मा सो प्रतिशत ह्रास भई १३.२% मा झरेको देखाइएको छ। अध्ययनमा सरकारले शिक्षामा गरेको जम्मा खर्च मध्ये माध्यमिक तहमा १९९२/०९३ मा १५.२% खर्च गरेको र सन् २००१ सम्म आइपुग्दा सो प्रतिशतमा वृद्धि भई २०.६% पुगेको देखाइएको छ। माध्यमिक विद्यालयले गरेको जम्मा खर्चमा तलब भत्ता शीर्षक अन्तर्गत ७०.७% र अन्य शीर्षमा थोरै खर्च हुन गएको तथ्य देखाइएको छ।

कार्की (२००२) ले ओखलढुंगा जिल्लाका २ वटा सामुदायिक माध्यमिक विद्यालयहरूको वित्तीय अवस्था र शैक्षिक गुणस्तरमा यसको प्रभावबारे अध्ययन गरेका छन्। उनको प्राथमिक तथ्यांकमा आधारित तुलनात्मक अध्ययनमा अध्ययनक्षेत्रका ७५ वटा घर परिवार र २ वटा माध्यमिक विद्यालयबाट संकलित तथ्यांकलाई तालिकीकरण र वर्गीकरण गरी तथ्यांकको प्रस्तुतीकरण गरिएको छ। उक्त अध्ययनबाट अध्ययनक्षेत्रका घर परिवार मध्ये ६.७% को रु.१०,०००।- भन्दा कम, २६.७% को रु.१०,०००।- देखि ३०,०००।- सम्म, २०% को रु.३०,०००।- देखि ५०,०००।- सम्म र ४६.६% को ५०,०००।- भन्दा बढी आम्दानी देखाइएको छ। १० वर्ष अघि अभिभावकहरूले आफ्नो बालबालिकाहरूको लागि ५३% लगानी गरेको र अध्ययनको समयमा ६५.३३% लगानी रहेको अध्ययनले देखाइएको छ। तसर्थ सरकार तथा अभिभावक दुवै पक्षले शैक्षिक क्षेत्रमा खर्च बढाउनु पर्ने, माध्यमिक तहदेखि नै प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिनुपर्ने र त्यसका लागि पाठ्यक्रम समेत परिवर्तन गर्नुपर्ने, विद्यार्थी-शिक्षक अनुपात सुधार गर्न विषयगत रूपमा सरकारले शिक्षक दरबन्दीको व्यवस्था गर्नुपर्ने र छात्रवृत्तिको दर/कोटामा वृद्धि ल्याउनु पर्ने जस्ता सुझाव यस अध्ययनले पेश गरेको छ।

दहाल (२०००) ले नेपालको शिक्षामा सरकारी वित्त र यसको प्रभाव तथा निर्धारक तत्त्व भन्ने शीर्षकमा अध्ययन गरेका छन्। दहालले सरकारी खर्च, शैक्षिक खर्च र कुल गार्हस्थ उत्पादन बीच सम्बन्ध देखाउने, शैक्षिक खर्च र विद्यार्थी सहभागित दर बीच सहसम्बन्ध देखाउने र सरकारी नीति निर्माणमा सुझाव दिने उद्देश्य लिएर माध्यमिक तथ्यांकमा आधारित भई यसको अध्ययन र विश्लेषण गरेका छन्। यस अनुसन्धानबाट प्राप्त निष्कर्षहरूलाई उल्लेख गर्दै दहालले नेपालको बजेटमा आ.व. १९७५/७६ देखि १९७९/८० सम्म तत्कालीन मूल्यमा १७७९ लाख र आ.व. १९९५/०९६ देखि १९९६/०९७ सम्म सो रकममा वृद्धि भई १९३८ लाख पुगेको देखाएका छन्। यसै गरी १९७५/०७६ देखि १९७९/०८० सम्म कुल गार्हस्थ उत्पादन औसत रु.१,९९,९४४ लाखबाट १९७५/०७६

देखि १९९६/०९७ सम्म सो रकममा वृद्धि भई रु.९,०२,६६१ लाख पुगेको छ। उक्त समयमा नेपालको बजेट रकम क्रमश रु. ३४,५५५ लाखबाट वृद्धि भई रु. १,८३,२८० लाख पुगेको साथै शिक्षा खर्चतर्फ रु.२८२९ गार्हस्थ उत्पादन र शैक्षिक बजेट बीचको अनुपात सोही समयमा ८.२ बाट वृद्धि भई ८.८ सम्म पुगेको देखिन्छ। यसबाट वैदेशिक सहयोगको ठूलो भाग शिक्षा क्षेत्रमा लगानी रहेको देखिन्छ। अध्ययनको निष्कर्षपछि दहालले शिक्षामा लगानी भएको तथा लगानीलाई प्रत्यक्ष रूपमा शैक्षिक गुणस्तरमा वृद्धि ल्याउने कार्यक्रममा र प्राविधिक शिक्षामा खर्च गर्नुपर्ने, शिक्षामा लगानी वृद्धि गर्दै गए पनि शिक्षामा गुणस्तरीयता आउन नसकेकाले विद्यालय सुपरिवेक्षण तथा निरीक्षण प्रणालीलाई सशक्त बनाउनु पर्ने र वित्तीय व्यवस्थापनको लागि लागत सहभागिताका आधारमा लागत साझेदारी गर्नु पर्ने सुझाव दिएका छन्।

चम्लागाईं (२०७२) ले वित्तीय लगानी र सिकाइ उपलब्धि शीर्षकको अध्ययन अनुसन्धानमा झापा जिल्लाका टाँघनडुब्बा, दुर्गापुर र बुधवारे स्रोतकेन्द्रका १-१ वटा विद्यँलयहरु नमुनाका रुपमा लिई निम्न माध्यमिक तहको वित्तीय लगानी र शैक्षिक उपलब्धिको तुलना गरेको पाइन्छ। उक्त अध्ययनमा विद्यालयहरूको आयस्रोतको रूपमा सरकारी अनुदान, अभिभावकबाट शुल्क, विद्यालयको स्वामित्त्वको सम्पत्ति, स्थानीय सरकार र अन्य स्रोतहरू पाइएको तथा विद्यालयहरूले गरेको खर्च हेर्दा तलब भत्तामा ८०% देखि ८४.३७% सम्म, पाठ्यपुस्तकमा १.२७% देखि २.०८% सम्म, निर्माण तथा मर्मतमा ४.२५% देखि ६.९३% सम्म, छात्रवृत्तिमा १.२७% देखि २.३६% सम्म, कम्प्युटरमा १.३६% देखि २.७५% सम्म, शैक्षिक सामग्रीमा ०.९४% देखि १.१९% सम्म, मसलन्दमा ०.९८% देखि १.६७% सम्म, खेलकुदमा ०.८२% देखि १.९९% सम्म, परीक्षामा ०.१७% देखि १.६१% सम्म, टेलिफोन बिजुलीमा ०.१७% देखि ०.७८% सम्म र विविधमा ०.७८% देखि १.८०% सम्म खर्च भएको पाइएको उल्लेख गरिएको छ। कक्षा ८ को जिल्ला स्तरीय परीक्षाको नतिजा विश्लेषण गर्दा शैक्षिक वर्ष २०६९ मा सबैभन्दा बढी आदर्श मा.वि. को ७८.३३% तथा कम धुलावारी मा.वि.को ४६.३६% छ। त्यसै गरी २०७० मा बढी ७१.७२% आदर्श मा.वि. तथा कम ज्यामिरगढी मा.वि.को ४५.८९% र २०७१ मा सबैभन्दा बढी ८३.६४% आदर्श मा.वि. तथा सबैभन्दा कम डिल्लीराज उ.मा.वि.को ५०.०८% रहेको उल्लेख गरेको छ। अध्ययनले भौतिक पक्ष तथा तलब भत्तामा मात्र बढी खर्च भएको र शैक्षिक गुणस्तरको पक्ष ओझेलमा परेको निष्कर्ष निकालेको छ।

समीक्षा गरिएका पूर्वसाहित्यमा विद्यालयको आयस्रोत, खर्चको ढाँचा, विद्यालय र अभिभावकले गरेका खर्चको आधारमा प्रति विद्यार्थी लागतको अनुमान, परीक्षा नतिजाको आधारमा विद्यालयको दक्षताको परीक्षण, विद्यालयको भौतिक पक्ष, शिक्षक विद्यार्थी अनुपात, शैक्षिक सूचांक, घरपरिवारको आयस्रोत आदिका बारेमा विश्लेषण गरिएको छ । उक्त पूर्व साहित्यकाट प्रस्तुत शोधका लागि वित्तीय लगानी तथा शैक्षिक गुणस्तरको अन्तरसम्बन्ध केलाउन आधार सामग्री प्राप्त भएको छ । प्रस्तुत अध्ययनमा एस. एल. सी. परीक्षाको नतिजासँग शैक्षिक लगानीको अन्तरसम्बन्ध केलाउने प्रयास गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

अध्ययनक्षेत्र अन्तर्गतका माध्यमिक विद्यालयको लागत अवस्थाको विश्लेषण गर्न शैक्षिक व्यवस्थापनको समग्र व्यवस्थापकीय पक्षको अध्ययन र लागत-लाभ विश्लेषणलाई शैक्षिक अनुसन्धानको सैद्धान्तिक खाका बनाइएको छ ।

हेनरी फोयल (१९१६) ले व्यवस्थापनको प्रशासनिक सिद्धान्तको प्रतिपादन गर्दै कुनै पनि संघसंस्थाका निर्धारित उद्देश्यहरू पूरा गर्न मानवीय, भौतिक, आर्थिक पक्षहरूको प्रबन्ध गर्ने र कुशलतापूर्वक साधन र स्रोतको परिचालनबाट मात्र लक्ष्य हासिल हुन सक्छ भनी उल्लेख गरेका छन् । व्यवस्थापनलाई प्रशासनिक सिद्धान्त अनुसार कार्य विभाजन, अधिकार र उत्तरदायित्त्व, अनुशासन, एउटै प्रशासनको व्यवस्था, निश्चित व्यक्तिको आदेश, सामूहिक हित र कार्यमा जोड, कर्मचारीको उचित सेवा, सर्त, सुविधा र पारिश्रमिकको व्यवस्था, आर्थिक पारदर्शिता, निष्पक्षता, जागीरको स्थायित्त्व, प्रोत्साहन र सहयोगको भावना जस्ता पक्षले संस्थाको उद्देश्य पूरा हुन सक्छ । फोयलले व्यवस्थापनलाई प्रभावकारी बनाउन ६ वटा अन्तरसम्बन्धित क्रियाकलापहरूको उल्लेख गर्दै वस्तुको उत्पादन, प्राविधिक ज्ञान, व्यवसायिक कार्य, लेखा र योजना, संगठन, नेतृत्त्व, नियन्त्रण तथा व्यवस्थापकीय कार्यले मात्र संघसंस्थाले लगानीको प्रभावकारिता पाउन सक्छ । विद्यालय पनि शैक्षिक जनशक्ति उत्पादन गर्ने संस्था हो । व्यवस्थापनको प्रशासनिक सिद्धान्त अनुरूप सञ्चालित विद्यालयले मात्र लगानीको उच्चतम उपयोग गर्न सक्छ र त्यसबाट अधिकतम प्रतिफल लिन सकिन्छ, (कोइराला, २०६२ बाट उद्धृत) ।

कानका अनुसार लगानीमा भएको वृद्धिले रोजगारमा पनि वृद्धि ल्याउँछ । लगानीका कारणले रोजगारीमा शुरुमा जति वृद्धि हुन्छ त्योभन्दा धेरै बढी वृद्धि कुल रोजगारमा भएको

हुन्छ । यही शुरुको रोजगार वृद्धि र कुल रोजगार वृद्धि बिचको सम्बन्ध तथा अनुपातलाई रोजगार गुणक भनिन्छ ।

आर. एस. कानको गुणक सम्बन्धी धारणाको विकास लर्ड किन्सले गरे । किन्सको गुणक सम्बन्धी धारणालाई लगानी गुणक भनिन्छ । उनको भनाइ अनुसार लगानीमा भएको परिवर्तनले आम्दानीमा परिवर्तन ल्याउँछ । तर आम्दानीमा भएको यो परिवर्तन लगानीमा भएको परिवर्तनभन्दा धेरै गुणा बढी हुन सक्छ । किनभने आम्दानीमा लगानीमा भएको परिवर्तनको प्रभाव पर्दछ । अर्थात जुन अनुपातमा लगानीमा वृद्धि भएको छ त्योभन्दा बढी अनुपातमा आम्दानी घटेको हुन्छ । लगानी र आम्दानीको परिवर्तन बिचको यो सम्बन्ध तथा अनुपातलाई नै लगानी गुणक भनिन्छ (जोशी, २०४९, पृ. ६०५) ।

प्रस्तुत अनुसन्धानमा शैक्षिक लगानीको उपयोग व्यवस्थापन तथा त्यसको प्रतिफलमा प्रभाव विश्लेषण गर्न हेनरी फोयलको सिद्धान्तलाई आधारको रूपमा लिइएको छ भने लगानी र प्रतिफलको अन्तरसम्बन्धको विश्लोण गर्न कानको सिद्धान्तलाई आधारका रूपमा लिइएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

प्रस्तुत अध्ययनको क्रममा सम्बन्धित साहित्यको पुनरावलोकनले अध्ययनक्षेत्र अन्तर्गतको माध्यमिक विद्यालयको वित्तीय व्यवस्थापन पक्षको गहिरो अध्ययन र विश्लेषण गर्न सहयोग गरेको छ । माध्यमिक विद्यालयहरूको आर्थिक स्रोतको अवस्था तथा त्यसबाट शिक्षण सिकाइको गुणस्तरीयतामा परेको प्रभावको लेखाजोखा गर्न दाहाल (२०००), कार्की (२००२) र चम्लागाईं (२०७२) को अध्ययनबाट सहयोग पुगेको छ । त्यसरी नै शैक्षिक गुणस्तर सुधारका उपायहरु बारे मेटकन कन्सल्टेण्ट (१९९६) र विष्ट (२०००) ले आवश्यक स्रोत सामग्री उपलब्ध गराएका छन् । वित्तीय लगानी तथा शैक्षिक गुणस्तर बारे विश्लेषण गर्न फोयल तथा कानका सिद्धान्तहरुबाट आवश्यक आधार प्राप्त भएको छ । समग्रमा पूर्व साहित्यको अध्ययनले प्रस्तुत शोधका लागि पर्याप्त मार्गदर्शन गरेको छ ।

# परिच्छेद तीन : अनुसन्धान विधि

यस परिच्छेदमा अनुसन्धानात्मक ढाँचा, अध्ययनको जनसंख्यार नमुना छनोट, अनुसन्धानका साधनहरू, तथ्यांक संकलन प्रक्रिया र तथ्यांक विश्लेषण प्रक्रियालाई उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययन प्रमुख रूपमा प्राथमिक तथ्यांकमा आधारित रहेको छ । अध्ययनमा अन्तर्वार्ता तालिका, प्रश्नावली र विद्यालय सर्वेक्षण फारामको प्रयोग गरी आवश्यक तथ्यांकहरू संकलन गरिएको छ । विचारजन्य तथ्यांकलाई गुणात्मक ढंगले प्रस्तुत गरी विश्लेषण गरिएको छ भने संख्यात्मक तथ्यांकलाई परिमाणात्मक ढंगले प्रस्तुति एवं विश्लेषण गरिएको छ । अध्ययनमा सामुदायिक विद्यालयमा गरिएको आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको गुणात्मक तथा संख्यात्मक विवरण प्रस्तुत गरिएको छ । त्यसैले प्रस्तुत अध्ययन मिश्रित ढाँचाको रहेको छ ।

## ३.२ अध्ययनको जनसंख्या र नमुना छनोट

प्रस्तुत अध्ययनका लागि झापा जिल्लामा सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरू, तिनमा कार्यरत प्रधानाध्यापकहरू, शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, तथा तिनका अभिभावकलाई जनसंख्याको रूपमा प्रयोग गरिएको छ ।

प्रस्तुत शैक्षिक अनुसन्धानका लागि झापा जिल्लाका १७ वटा स्रोतकेन्द्रहरू मध्ये काँकरभिट्टा स्रोतकेन्द्रलाई अध्ययन क्षेत्रको रुपमा लिई उक्त स्रोतकेन्द्रमा सञ्चालित ६ वटा सामुदायिक माध्यमिक विद्यालयहरू मध्येबाट ३ वटा माध्यमिक विद्यालयहरुलाई नमुनाका रुपमा लिइएको छ । उक्त विद्यालयहरूमा माध्यमिक तहको कक्षा ९ र १० बाट चिठ्ठा पद्धतिद्वारा सम्पूर्ण विद्यार्थीहरूको प्रतिनिधित्व हुने गरी १०/१० विद्यार्थी छनोट गरिएको छ । त्यस्तै गरी अभिभावकहरूमध्ये प्रत्येक विद्यालयबाट १० जना सबै वर्ग, क्षेत्र र जातजातिको समानुपातिक प्रतिनिधित्व हुने गरी उद्देश्यपूर्ण नमुना छनोट विधिबाट छनोट गरिएको छ । प्रत्येक विद्यालयबाट प्र.अ. १/१ जनाका दरले ३ जना, वि.व्य.स. अध्यक्ष १/१ जनाका दरले ३ जना, शिक्षक २/२ जनाको दरले ६ जना छनोट गरिएको छ ।

### ३.३ अनुसन्धानका साधनहरू

प्रस्तुत अध्ययन कार्यलाई पूर्णता प्रदान गर्न आवश्यक पर्ने तथ्यांक सूचना संकलनका लागि देहायका अनुसन्धानका साधनहरूको प्रयोग गरिएको छ :

#### ३.३.१ प्रश्नावली सूची

प्रस्तुत अध्ययनका लागि छनोट गरिएका अभिभावक, शिक्षक विद्यार्थीहरूका लागि प्रश्नावली निर्माण गरी आवश्यक तथ्यांक संकलन गरिएको छ । अभिभावक प्रश्नावलीबाट अभिभावकको वार्षिक आम्दानी, विद्यालयमा तिरेको शुल्कसँग सम्बन्धित खर्चको तथ्यांक संकलन गरिएको छ । विद्यार्थी प्रश्नावलीबाट अभिभावकको शैक्षिक लगानी सम्बन्धी सूचना प्राप्त गर्न तथ्यांक लिइएको छ । प्रश्नावलीका नमुनाहरू अनुसूचीमा समावेश गरिएको छ ।

#### ३.३.२ अन्तर्वार्ता सूची

अध्ययन क्षेत्रका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट माध्यमिक विद्यालयको विद्यमान आर्थिक समस्या र समाधानका उपाय, शिक्षाको गुणस्तर वृद्धि गर्ने उपाय सम्बन्धमा गुणात्मक सूचना दिन छुट्टाछुट्टै अन्तर्वार्ता तालिका निर्माण गरी तथ्यांक संकलन गरिएको छ ।

#### ३.३.३ विद्यालय सर्वेक्षण फारम

अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूको लागि विद्यालय सर्वेक्षण फारम निर्माण गरी अध्ययनसँग सम्बन्धित शिक्षक तथा विद्यार्थी सङ्ख्या, एस.एल.सी. परीक्षामा सामेल भएका विद्यार्थी संख्या र उत्तीर्ण विद्यार्थी प्रतिशत, विद्यालयको वार्षिक आम्दानी र खर्च सम्बन्धी विवरण लिइएको छ ।

यस अनुसन्धानमा प्रयोग गरिएका साधनहरुलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

### ३.४ तथ्यांक संकलनका स्रोतहरू

प्रस्तुत अध्ययनलाई अगाडि बढाउने क्रममा निम्न तथ्यांकका स्रोतहरू प्रयोग गरिएको छ :

#### ३.४.१ प्राथमिक स्रोतहरू

अनुसन्धानको क्रममा विद्यालयसँग सम्बन्धित मुख्य विशेषता समेट्ने गरी तयार पारिएको प्रश्नावली, अभिभावक र विद्यार्थीलाई सोधिएको प्रश्नावली, प्रधानाध्यापक,

विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई सोधिएको अन्तर्वार्ता अनुसूची यस प्राथमिक तथ्यांकका स्रोतको रूपमा लिइएको छ ।

### ३.४.२ द्वितीयक स्रोतहरू

अनुसन्धानको क्रममा पूर्वप्रकाशित तथा संकलित तथ्यांकलाई समेत उपयोग गरिएको छ । यस अन्तर्गत सरकारी निकासाको विवरण, फ्लास रिपोर्ट, भर्ना वही, मूल्यांकन वही, जिन्सी अभिलेख लगायतका अन्य सान्दर्भिक दस्तावेजहरूलाई द्वितीयक तथ्यांकको रूपमा उपयोग गरिएको छ ।

## ३.५ तथ्यांक संकलन प्रक्रिया

तथ्यांक संकलनका लागि छनोट गरिएका सम्बन्धित विद्यालयमा निर्धारित समयमा गई उक्त विद्यालयका प्रधानाध्यापकसँग अध्ययनका लागि आवश्यक पर्ने तथ्यांक उपलब्ध गराइदिन अनुरोध पत्र दिइयो । प्रधानाध्यापकसँग आफ्नो अध्ययनको विषयवस्तुमाथि प्रकाश पारी विद्यालयको सम्पूर्ण गतिविधि, अवस्था बारे छलफल गरी आवश्यक तथ्यांक लिने वातावरण तयार पारियो । आवश्यक सूचना तथा जानकारीहरू संकलन गर्ने क्रममा विद्यालयसँग सम्बन्धित सरोकारवालाहरू वि.व्य.स अध्यक्ष, विद्यार्थी, शिक्षक, अभिभावकसँग अनुसन्धानकर्ता स्वयम् उपस्थित भई प्रश्नावली भराउने, अन्तर्वार्ता लिने र विद्यालयमा मौजुदा जानकारीहरू संकलन गर्ने कार्य गरियो । तथ्यांक लिने क्रममा कतिपय महत्त्वपूर्ण छुटेका सूचना तथा जानकारीहरू पुनः सम्बन्धित विद्यालयसँग सम्पर्क राखी प्राप्त गरिएको छ ।

## ३.६ तथ्यांक विश्लेषण प्रक्रिया

प्रस्तुत अनुसन्धानको लागि प्राप्त परिमाणात्मक तथ्यांकलाई तालिकीकरण गरी औसत र प्रतिशतमा व्याख्या विश्लेषण गरिएको छ । यसका साथै शाब्दिक रुपमा समेत यस प्रकारका तथ्यांकको व्याख्या विश्लेषण गरिएको छ । विचारजन्य गुणात्मक तथ्यांकलाई शाब्दिक रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : नतिजाको विश्लेषण

यस शैक्षिक अनुसन्धानको लागि छनोट गरिएका माध्यमिक विद्यालयहरूबाट लिइएका तथ्याङ्कको विश्लेषण र व्याख्या यस परिच्छेद अन्तर्गत गरिएको छ । तथ्याङ्कको विश्लेषण र व्याख्या गर्ने क्रममा पहिलो शीर्षक अन्तर्गत अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूको आयस्रोतको पहिचान र खर्च सम्बन्धी विश्लेषण गरिएको छ । माध्यमिक विद्यालयहरूको आयस्रोतको रूपमा विद्यालयको निजी स्रोत, आयस्रोतको रूपमा स्थानीय सरकार र आयस्रोतको रूपमा अन्य स्रोतहरू सम्बन्धी विश्लेषण गरिएको छ । यी माध्यमिक विद्यालयहरूले विभिन्न शीर्षकमा वर्षभरि गरेको शैक्षिक खर्च र अभिभावकद्वारा अप्रत्यक्ष रूपमा गरेको शैक्षिक खर्चको समेत विश्लेषण गरिएको छ ।

छनोट गरिएका विद्यालयहरूको समग्र शैक्षिक स्थितिको बारेमा विश्लेषण गरिएको छ जस अर्न्तगत तीन शैक्षिक सत्र (२०७१, ०७२ र ०७३) को एस.एल.सी.परीक्षाको नतिजा विश्लेषण गर्नुका साथै माध्यमिक तह कक्षा ९ र १० मा विद्यार्थी भर्ना प्रतिशत, कक्षा दोहोऱ्याउनेदर, कक्षा छाड्नेदर, शैक्षिक खर्च अनुसारको शैक्षिक उपलब्धि स्तरको अवस्था, एस.एल.सी.परीक्षा उत्तीर्ण गरेपछि उच्च शिक्षामा भर्नाको अवस्था, शैक्षिक स्तर र रोजगारीको सम्भावना जस्ता पक्षहरूको विश्लेषण गरिएको  छ ।

त्यसरी नै विद्यालयको शैक्षिक गुणस्तरमा वृद्धि गर्न विद्यालयले गरेका प्रयासहरू अर्न्तगत कोचिङ तथा ट्युसन कक्षा सञ्चालन, अतिरिक्त क्रियाकलापहरू, शीक्षक तालिम गोष्ठि तथा सेमिनार, शिक्षकले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र क्षमतालाई कक्षाकोठामा गरेको प्रयोगको अवस्था र सम्बन्धित निकायबाट कक्षा शिक्षणको अनुगमन र निरीक्षणको प्रभावकारिता आदि विषयमा केन्द्रित भई विश्लेषण गरिएको छ ।

## ४.१ विद्यालयमा वित्तीय व्यवस्थापनको अवस्था

राष्ट्रले तय गरेको शिक्षाको राष्ट्रिय उद्देश्य अनुरूप गुणस्तरीय शैक्षिक जनशक्ति उत्पादन गर्न शैक्षिक लगानी पनि उच्च हुनु पर्दछ । वर्तमान अवस्थामा विद्यालयको आर्थिक स्रोत सरकारी लगानीमा निर्भर भएको देखिन्छ भने अन्य स्रोतहरू दिनदिनै सीमित हुँदै गइरहेको अवस्था छ । अध्ययन क्षेत्रको माध्यमिक विद्यालयहरूको मौजुदा आर्थिक स्रोत र

खर्चको अवस्था समीक्षा गर्न विद्यालयको आर्थिक स्रोत र खर्चलाई दुई उपशीर्षकमा विभाजन गरी विश्लेषण गरिएको छ ।

### ४.१.१ विद्यालयको आर्थिक स्रोत

अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूको आर्थिक स्रोत पहिचानका लागि सम्बन्धित विद्यालयहरूको सामाजिक परीक्षण प्रतिवेदन, लेखा परीक्षण र विद्यालयको अन्य अभिलेखबाट स्थलगत अवलोकन सहित तथ्याङ्क लिइएको छ । तथ्याङ्कबाट प्राप्त माध्यमिक विद्यालयहरूको आर्थिक स्रोतलाई निम्नानुसार प्रस्तुति र विश्लेषण गरिएको छ :

**आय स्रोतको रूपमा सरकारी अनुदान**

छनोट गरिएका माध्यमिक विद्यालयहरूमा माध्यमिक तहको मात्रै आयस्रोतको गणना तथा त्यसको विश्लेषण गर्नका लागि अध्ययन क्षेत्रका ३ वटा माध्यमिक विद्यालयको आ.व. २०७०/०७१, २०७१/०७२ र २०७२/०७३ सालको आम्दानीलाई लिइएको छ । माध्यमिक तहको लागि प्राप्त हुने सरकारी अनुदान अन्तर्गत शिक्षक तलब भत्ता, प्रशासनिक अनुदान, मसलन्द खर्च, मर्मत खर्च, छात्रवृत्ति, प्रतिविद्यार्थी कोष, कम्प्युटर, पुस्तकालय, खुला विद्यालय अनुदान जस्ता शीर्षकहरूमा रकम निकासा हुने देखिन्छ । अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूको प्राप्त सरकारी अनुदान रकमलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

तालिका १ : विद्यालयहरूको सरकारी अनुदान रकम (आ.व. २०७०/०७१)

| क्र.सं. | शीर्षक | ज्यामिरगढी | धुलावारी | आदर्श |
|---|---|---|---|---|
| १ | शिक्षक तलब भत्ता | ७९३२३३४.९० | १२७७२३२८.६० | १२३७९१९०.७० |
| २ | पाठ्यपुस्तक | ६६६००.०० | ७५८५०.०० | ७९२००.०० |
| ३ | निर्माण तथा मर्मत | ५७५०००.०० | ७५०००.०० | ४३१००.०० |
| ४ | छात्रवृत्ति | ५२४००.०० | ८५७००.०० | ९४२००.०० |
| ५ | कम्प्युटर व्यवस्थापन | १४००००.०० | १४००००.०० | १४००००.०० |
| ६ | शैक्षिक सामग्री | ३२४००.०० | ३६९००.०० | २८८००.०० |
| | जम्मा | ८७९८७३४.९० | १३१८५७७८.६० | १२७६४४९०.७० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

तालिका १ मा आर्थिक वर्ष २०७०/०७१ मा विद्यालयले प्राप्त गरेको सरकारी अनुदान देखाइएको छ जसमा तलब भत्ता दरवन्दी अनुसार दिइएको छ भने पाठ्यपुस्तक, छात्रवृत्ति, शैक्षिक सामग्री शीर्षकमा विद्यार्थी संख्या अनुसार निकासा दिने भएकोले जुन विद्यालयमा बढी विद्यार्थी छन् सोही विद्यालयलाई बढी निकासा रकम दिएको पाइयो । निर्माण तथा मर्मत शीर्षकमा पनि अलग अलग रकम दिएको पाइयो ।

तालिका २ : विद्यालयहरूको सरकारी अनुदान रकम (आ.व. २०७१/०७२)

| क.सं. | शीर्षक | ज्यामिरगढी | धुलावारी | आदर्श |
|---|---|---|---|---|
| १ | शिक्षक तलब भत्ता | ७९३५६३५.८० | १२८१५४७५.७५ | १२४२१२९०.४० |
| २ | पाठ्यपुस्तक | ६४७५०.०० | ७८४४०.०० | ८१०१०.०० |
| ३ | निर्माण तथा मर्मत | १२४०३००.०० | ५७५६००.०० | १३५००००.०० |
| ४ | छात्रवृत्ति | ५०३००.०० | ९२२१०.०० | ९३५००.०० |
| ५ | शैक्षिक सामग्री | ३१५००.०० | ३८१६०.०० | ३३१४०.०० |
| | जम्मा | ९३२२४८५.८० | १३५९९८८५.७५ | १३९७८९४०.४० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

तालिका २ मा आर्थिक वर्ष २०७१/०७२ मा विद्यालयले प्राप्त गरेको सरकारी अनुदान देखाइएको छ जसमा तलब भत्ता दरवन्दी अनुसार दिइएको छ भने पाठ्यपुस्तक, छात्रवृत्ति, शैक्षिक सामग्री शीर्षकमा विद्यार्थी संख्या अनुसार निकासा दिने भएकोले जुन विद्यालयमा बढी विद्यार्थी छन् सोही विद्यालयलाई बढी निकासा रकम दिएको पाइयो । निर्माण तथा मर्मत शीर्षकमा पनि अलग अलग रकम दिएको पाइयो । यस आ. व. मा कम्प्युटर व्यवस्थापन शीर्षकमा कुनै पनि विद्यालयमा रकम निकासा नभएको देखिन्छ ।

तालिका ३ : विद्यालयहरूको सरकारी अनुदान रकम (आ.व. २०७२/०७३)

| क्र.सं. | शीर्षक | ज्यामिरगढी | धुलावारी | आदर्श |
|---|---|---|---|---|
| १ | शिक्षक तलब भत्ता | ८२१७३७२.२० | १२९८४९४७.२५ | १२७२१६१३.१८ |
| २ | पाठ्यपुस्तक | ७५६७०.०० | ८०६२०.०० | ८९४१०.०० |
| ३ | निर्माण तथा मर्मत | १००००००.०० | १००००००.०० | ०.०० |
| ४ | छात्रवृत्ति | ६०१२०.०० | १०९५००.०० | ९८०००.०० |
| ५ | कम्प्युटर व्यवस्थापन | ६००००.०० | ६००००.०० | ६००००.०० |
| ६ | शैक्षिक सामग्री | ४३०१०.०० | ३५८६०.०० | ३४७४०.०० |
| | जम्मा | ८५५६१७२.२० | १३३७०९२७.२५ | १३००३७६३.१८ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

तालिका ३ मा आर्थिक वर्ष २०७२/०७३ मा विद्यालयले प्राप्त गरेको सरकारी अनुदान देखाइएको छ जसमा तलब भत्ता दरवन्दी अनुसार दिइएको छ भने पाठ्यपुस्तक, छात्रवृत्ति, शैक्षिक सामग्री शीर्षकमा विद्यार्थी संख्या अनुसार निकासा दिने भएकोले जुन विद्यालयमा बढी विद्यार्थी छन् सोही विद्यालयलाई बढी निकासा रकम दिएको पाइयो । निर्माण तथा मर्मत शीर्षकमा पनि अलग अलग रकम दिएको पाइयो । यस आ. व. २०७२/०७३ मा कम्प्युटर व्यवस्थापन शीर्षकमा तीनैवटा विद्यालयलाई समान रकम निकासा दिएको पाइयो ।

**आयस्रोतको रूपमा अभिभावक**

अध्ययन क्षेत्रका प्रधानाध्यापकहरू र वि.व्य.स. अध्यक्षहरूसँगको अन्तरक्रिया अनुसार शैक्षिक वर्ष २०४८/०४९ पहिले विद्यालयले विद्यार्थीहरूबाट भर्ना र मासिक पढाइ शुल्क लिन पाउने प्रावधान भएको हुँदा त्यस समयमा विद्यालयको आम्दानीको ठूलो हिस्सा अभिभावकबाट प्राप्त हुने गरेको थियो । विद्यालयको भौतिक संरचना निर्माणमा चन्दा संकलन गर्ने र चन्दा प्रदान गर्न नसक्ने अभिभावकबाट श्रम सहयोग गर्ने चलनले विद्यालयप्रति अभिभावकको ठूलो सहभागिता थियो । तर २०४९ सालपछि तत्कालीन सरकारले माध्यमिक तहको शिक्षालाई क्रमशः निःशुल्क गर्दै लैजाने नीति लिएपछि अभिभावकबाट प्राप्त हुने आम्दानीको स्रोत पनि घट्दै गइरहेको छ । शिक्षा नियमावली २०५९ को परिच्छेद २५ को नियम १४६ अनुसार विद्यालयको वर्गीकरण र शुल्क उठाउने

मापदण्ड तोके अनुसार एक विद्यार्थीको भर्ना शुल्क एक विद्यालयमा एक पटक मात्र लिन पाउने र शुल्क उठाउने मापदण्डको आधारमा मासिक पढाइ शुल्क उठाउन पाउने व्यवस्था गरे पनि विविध समस्याका कारणले शुल्क उठाउने कुरा कार्यान्वयन हुन सकेको छैन ।

सरकारले क्रमशः माध्यमिक तहसम्म नै निशुल्क घोषण गरेपछि अभिभावकबाट आर्थिक सहयोग न्यून हुदै गयो । सरकारले शिक्षकको तलब भत्ता, भौतिक संरचना निर्माण तथा मर्मत, पुस्तकालय व्यवस्था, कर्मचारी व्यवस्था जस्ता पक्षमा सरकारी अनुदान प्रदान गर्न थालेपछि विद्यालयप्रति अभिभावको उत्तरदायित्त्व घट्दै गइरहेको पाइन्छ । हाल विद्यालयको आम्दानीमा अभिभावकबाट प्राप्त हुने आय अन्तर्गत विद्यालयले परीक्षा शुल्क, भर्ना शुल्क, चारित्रिक प्रमाणपत्र शुल्क, विद्यालय विकास सहयोगको नाममा केही रकम लिने गरेको पाइन्छ । अध्ययन क्षेत्रका विद्यालयले लिने गरेको अभिभावकको शुल्क सम्बन्धी औसत विवरण तलको तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ४ : अभिभावकबाट प्राप्त आय विवरण (आ.व. २०७०/२०७१)

| क.स. | शीर्षक | ज्यामिरगढी | धुलावारी | आदर्श |
|---|---|---|---|---|
| १ | परीक्षा शुल्क | ४४२००.०० | ६६७०५.०० | ६१२१०.०० |
| २ | भर्ना शुल्क | ५७६५०.०० | ८१२००.०० | ७९०००.०० |
| ३ | चारित्रिक प्रमाणपत्र | २९९१०.०० | ४२७००.०० | ४९०००.०० |
| ४ | विद्यालय विकास | ९७८००.०० | २३००००.०० | १८००००.०० |
| ५ | विविध | २२११७.०० | १६८००.०० | २७०००.०० |
| | जम्मा | २५१६७७.०० | ४३७४०५.०० | ३९६२१०.०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

अध्ययन क्षेत्रका माध्यमिक विद्यलायहरूले परीक्षा शुल्क, एस.एल.सी., प्रमाणपत्र शुल्क, विद्यालय विकास सहयोग र विविधमा अभिभावकबाट शुल्क लिने गरेको पाइयो । एक शैक्षिक सत्रमा प्रथम त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा गरी ३ पटक परीक्षा लिने गरे तापनि अर्धवार्षिक र वार्षिक परीक्षामा कक्षा ६ देखि १० सम्म शुल्क लिने गरेको, एस.एल.सी उत्तीर्ण विद्यार्थीबाट चारित्रिक प्रमाणपत्र शुल्क वापत प्रति विद्यार्थी रु ५००।- देखि रु १०००।- सम्म लिने गरेको, विद्यालय विकास सहयोग भनी भर्ना अवधिमा लिने गरेको र विविध अन्तर्गत भर्ना फारम, सिफारिस, स्थानान्तरण प्रमाणपत्र वापत न्यून रकम

लिइएको पाइयो । शिक्षाप्रेमी तथा समाजसेवीबाट आर्थिक सहयोग बापत पनि रकम अनुदान दिएको पाइयो ।

तालिका ५ : अभिभावकबाट प्राप्त आय विवरण (आ.व.२०७१/०७२)

| क्र.स. | शीर्षक | ज्यामिरगढी | धुलावारी | आदर्श |
|---|---|---|---|---|
| १ | परीक्षा शुल्क | ५५६१०.०० | ७७३००.०० | ६५०००.०० |
| २ | भर्ना शुल्क | ५१२००.०० | ७९८००.०० | ७५६००.०० |
| ३ | चारित्रिक प्रमाणपत्र | २५३००.०० | २८६००.०० | ३०२००.०० |
| ४ | विद्यालय विकास | ८१९००.०० | २२१०००.०० | २१८४००.०० |
| ५ | विविध | ७९८००.०० | २४८००.०० | ९५६२०.०० |
|  | जम्मा | २९३८१०.०० | ४३१५००.०० | ४८४८२०.०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

विद्यालयको सहयोगको लागि अभिभावकले विभिन्न शीर्षकमा समय समयमा रकम तिरेको पाइयो । एउटा विद्यार्थीसँग वर्षमा २ पटकका परीक्षामा रकम लिएको पाइयो भने चारित्रिक प्रमाण-पत्र वापत बढीमा १२०० सम्म रकम लिएको देखियो ।

तालिका ६ : अभिभावकबाट प्राप्त आय विवरण (आ.व. २०७२/०७३)

| क्र.स. | शीर्षक | ज्यामिरगढी | धुलावारी | आदर्श |
|---|---|---|---|---|
| १ | परीक्षा शुल्क | ५९८००.०० | ८१९५०.०० | ७५५००.०० |
| २ | भर्ना शुल्क | ५९८००.०० | ८१४००.०० | ९२५००.०० |
| ३ | चारित्रिक प्रमाणपत्र | २९७००.०० | ३७८००.०० | ३००००.०० |
| ४ | विद्यालय विकास | ७१५००.०० | १८२०००.०० | १९४०००.०० |
| ५ | विविध | ६३९९१.०० | ६१०००.०० | ८७८००.०० |
|  | जम्मा | २८४७९१.०० | ४४४१५०.०० | ४७९८००.०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

विद्यालयले नियमित स्रोतका रुपमा कुनै आर्थिक स्रोतको विकास गर्न सकेको पाइएन । विद्यालय भर्ना, परीक्षा तथा चारित्रिक प्रमाणपत्र जस्ता स्रोतहरुबाट भएको आय न्यून देखिन्छ ।

विद्यालयले अभिभावकबाट थोरै भए पनि रकम लिएको कारणले अभिभावकहरुमा विद्यालयप्रति अपनत्त्वको भावनाको विकास भएको छ। सेवाक्षेत्रभित्र देउसी नाचबाट रकम जुटाइएकोले आफ्ना बालबच्चा पढ्न नगए पनि विद्यालयप्रति सकारात्मक सोचको विकास भएको देखिन्छ। विद्यालयको ३ आ.व. को लेखा परीक्षण प्रतिवेदन अनुसार ज्यामिरगढी मा.वि.तथा धुलावारी मा.वि.मा क्रमशः रु १५२६१ र रु ७९८२५ घाटा तथा आदर्श मा.वि. मा रु ७२२०० बचत देखिएको छ।

**आयस्रोतको रूपमा विद्यालयको निजी स्रोत**

अध्ययन क्षेत्रका माध्यमिक विद्यालयको निजी आम्दानीको स्रोत अर्न्तगत जग्गा/खेतीपाती, बैक ब्याज, अन्य शीर्षकबाट आय प्राप्त गरेको पाइन्छ। माध्यमिक तहको नीजि आयस्रोतलाई तालिकामा प्रस्तुत गरिएको छ। उक्त निजी आय स्रोतलाई तीन आर्थिक वर्ष २०७०/०७१, २०७१/०७२ र २०७२/०७३ को छुट्टाछुट्टै प्रस्तुत गरिएको छ।

तालिका ७ : विद्यालयको निजी आयस्रोत (आ.व. २०७०/०७१)

| क्र.स. | शीर्षक | ज्यामिरगढी | धुलावारी | आदर्श |
|---|---|---|---|---|
| १ | जग्गाबाट | ३००००.०० | ५७०००.०० | ०.०० |
| २ | बैक ब्याज | २८५३.०० | ३५५००.०० | ९५०२५.०० |
| ३ | अन्य | २७८००.०० | २५१००.०० | २९२००.०० |
| | जम्मा | ६०६५३.०० | ११७६००.०० | १२४२२५.०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

तालिका ७ मा प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा विद्यालयहरुको निजी आम्दानीका स्रोतहरू जग्गा र बैंक ब्याज देखिन्छ। ज्यामिरगढी मा.वि. र धुलावारी मा.वि. को खेतीयोग्य जमिन भएकोले यस शीर्षकमा आम्दानी भए पनि आदर्श मा.वि. को भने जग्गाबाट आम्दानी नभएको देखिन्छ। यसले गर्दा विद्यालयको आन्तरिक खर्च धान्न यस विद्यालयले वैकल्पिक स्र्ोतको खोजी गर्नुपर्ने देखिन्छ।

तालिका ८ : विद्यालयको निजी आय स्रोत (आ.व. २०७१/०७२)

| क.स. | शीर्षक | ज्यामिरगढी | धुलावारी | आदर्श |
|---|---|---|---|---|
| १ | जग्गाबाट | ३००००.०० | ६००००.०० | ०.०० |
| २ | बैक ब्याज | २८५३.०० | ३६२५०.०० | ९८८००.७० |
| ३ | अन्य | ३४१५०.०० | ३६९००.०० | ३१७२०.०० |
| | जम्मा | ६७००३.०० | १३३१५०.०० | १३०५२०.७० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

तालिका ८ मा प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा विद्यालयहरुको निजी आम्दानीका स्रोतहरू जग्गा र बैंक ब्याज देखिन्छ। धुलावारी मा.वि. को जग्गाको आम्दानी केही बढेको देखिन्छ भने ज्यामिरगढीको आम्दानी गत वर्षको सरह रहेको छ। विद्यालयहरुले अन्य स्रोतहरुको खोजी एवं परिचालन नगरे आन्तरिक खर्च व्यवस्थापन गर्न कठिन हुने परिस्थिति देखिन्छ।

तालिका ९ : विद्यालयको निजी आयस्रोत (आ.व. २०७२/०७३)

| क.स. | शीर्षक | ज्यामिरगढी | धुलावारी | आदर्श |
|---|---|---|---|---|
| १ | जग्गाबाट | ४१०००.०० | ८४९४०.०० | ०.०० |
| २ | बैक ब्याज | ३२५९.०० | ११८४०.९० | १०५०२५.३० |
| ३ | अन्य | ३९१६४.०० | ५६८५०.०० | ५४८००.०० |
| | जम्मा | ८३४२३.०० | १५३६३०.९० | १५९८२५.३० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

तालिका ९ मा प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा विद्यालयहरुको निजी आम्दानीका स्रोतहरू जग्गा र बैंक ब्याज देखिन्छ। आम्दानीमा वार्षिक रुपमा सामान्य वृद्धि भएको देखिन्छ। यसको कारण जग्गाबाट भएको आयमा धान वापत आय हुने र उक्त धानको विक्री मूल्य सँगै आय बढेको देखिन्छ। त्यसरी नै अन्य आम्दानी बढेकाले बैंक ब्याजको आय समेत बढ्दै गएको पाइन्छ।

**आयस्रोतको रूपमा स्थानीय सरकार**

स्थानीय सरकार अन्तर्गत जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति पर्दछन् । अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूको लागि स्थानीय सरकारले डेस्क बेन्च निर्माण, शौचालय निर्माण, खानेपानी व्यवस्था, कक्षाकोठा मर्मत, विद्यालय घेरावारा, खेलमैदान निर्माण आदि कार्यका लागि आवश्यक परेमा बजेट उपलब्ध गराएको पाइयो । माध्यमिक विद्यालयलाई स्थायीय सरकारले गत तीन आर्थिक वर्षमा प्रदान गरेको अनुदान रकमको विवरण तलका तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १० : स्थानीय सरकारबाट प्राप्त आय (२०७०/०७१)

| क्र.स. | शीर्षक | ज्यामिरगढी | धुलावारी | आदर्श |
|---|---|---|---|---|
| १ | जिल्ला विकास समिति | १,७०,०००.०० | ८३००००.०० | ०.०० |
| २ | गा.वि.स/न.पा. | १२८०००.०० | ११००००.०० | १०००००.०० |
| | जम्मा | २९८०००.०० | ९४००००.०० | १०००००.०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

तालिका १० लाई अध्ययन गर्दा विद्यालयहरूमा स्थानीय सरकारले कम मात्रमा लगानी गरेको पाइयो । जि.वि.स.को लगानी हेर्दा आदर्श माध्यमिक विद्यालयलाई लगानी गरेको देखिएन । लगानी गरेका विद्यालयमा पनि लगानी रकमको अन्तर ठूलो देखियो । अध्ययनक्षेत्रका ३ वटै विद्यालयमा गा.वि.स./न.पा. ले भने विविध शीर्षकमा रकम निकासा दिएको पाइयो । यसलाई सकारात्मक रूपमा लिन सकिन्छ ।

तालिका ११ : स्थानीय सरकारबाट प्राप्त आय (२०७१/०७२)

| क्र.स. | शीर्षक | ज्यामिरगढी | धुलावारी | आदर्श |
|---|---|---|---|---|
| १ | जिल्ला विकास समिति | ०.०० | ०.०० | ०.०० |
| २ | गा.वि.स./न.पा. | ८३०००.०० | १७५०००.०० | १०००००.०० |
| | जम्मा | ८३०००.०० | १७५०००.०० | १०००००.०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

तालिका ११ लाई अध्ययन गर्दा विद्यालयहरूमा स्थानीय सरकारले कम मात्रमा लगानी गरेको पाइयो । जि.वि.स.को लगानी कुनै पनि विद्यालयमा भएको देखिएन । यस

सन्दर्भमा सरोकारवालालाई प्रश्न गर्दा जि.वि.स.मा लगानी गर्ने रकम नै नभएको भन्ने उत्तर पाइयो । गा.वि.स./न.पा. ले भने विविध शीर्षकमा रकम निकासा दिएको पाइयो । यसलाई सकारात्मक रूपमा लिन सकिन्छ ।

तालिका १२ : स्थानीय सरकारबाट प्राप्त आय (२०७२/०७३)

| क.स. | शीर्षक | ज्यामिरगढी | धुलावारी | आदर्श |
|---|---|---|---|---|
| १ | जिल्ला विकास समिति | ७८०००.०० | ०.०० | ०.०० |
| २ | गा.वि.स./न.पा. | २५००००.०० | १७५०००.०० | १,००,०००.०० |
| | जम्मा | ३२८०००.०० | १७५०००.०० | १,००,०००.०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

तालिका १२ लाई अध्ययन गर्दा विद्यालयहरूमा स्थानीय सरकारले कम मात्रमा लगानी गरेको पाइयो । जि.वि.स. ले ज्यामिरगढी मा.वि. मा मात्र न्यून रकम लगानी गरेको पाइयो । गा.वि.स./न.पा. ले भने विविध शीर्षकमा प्रत्येक विद्यालयलाई रकम निकासा दिएको पाइयो । यसलाई सकारात्मक रूपमा लिन सकिन्छ ।

**आयस्रोतको रूपमा अन्य स्रोतहरू**

माध्यमिक विद्यालयहरूको अन्य आयस्रोतहरूमा विभिन्न संघसंस्थाहरूले विद्यालयको भौतिक संरचना निर्माण र सरसफाइ, वृक्षारोपण, खेलकुद प्राथमिक उपचारका सामग्रीहरू, अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न आर्थिक सहयोग पुऱ्याएको छ । विगत ३ वर्षको आयस्रोतलाई विद्यालयगत रूपमा विभिन्न शीर्षकमा हेर्दा ज्यामिरगढी माध्यमिक विद्यालयलाई आ. व. २०७०/०७१ मा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा भद्रपुरबाट बालबालिकाको हितका लागि रु ५१०००।- नगद तथा रु १००००।- बराबरको प्राथमिक उपचार सामग्री प्रदान गरेको पाइयो भने धुलावारी माध्यमिक विद्यालयलाई कृषि विकास शाखा भद्रपुरबाट विभिन्न जातका २०० विरुवा तथा आ. व. २०७१/०७२ मा खेलकुद शीर्षकमा रु २००००।- नगद दिएको पाइयो । आदर्श माध्यमिक विद्यालयमा विगत ३ वर्षमा अन्य संघसंस्थाबाट कुनै लगानी भएको पाइएन ।

**विद्यालयहरूको एकीकृत आयस्रोतको अवस्था**

अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूको आम्दानीका स्रोतहरूमा सरकारी अनुदान, अभिभावकबाट शुल्क, विद्यालयको नीजि स्रोत, स्थानीय सरकार र अन्य स्रोतहरू नै प्रमुख आय सोतको रूपमा देखिन्छ। माध्यमिक विद्यालयहरूको २०७०/०७१, २०७१/०७२ र २०७२/०७३ को आयस्रोतलाई एकीकृत रूपमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १३ : ज्यामिरगढी माध्यमिक विद्यालयको विगत ३ वर्षको आयस्रोत

| क्र.स. | शीर्षक | रकम | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सरकारी अनुदान | २६६७७३९२.९० | ९३.६४ | |
| २ | अभिभावकबाट शुल्क | ८३०२७८.०० | २.९१ | |
| ३ | विद्यालयको नीजि स्रोत | २११०७९.०० | ०.७४ | |
| ४ | स्थानीय सरकार | ७०९०००.०० | २.४९ | |
| ५ | अन्य | ६१०००.०० | ०.२१ | |
| | जम्मा | २८४८८७४९.९० | १००.०० | |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

तालिका १३ मा प्रस्तुत ज्यामिरगढी मा.वि.को तीन आ.व.को आय अवस्थाको विश्लेषण गर्दा सरकारी आय सबैभन्दा बढी ९३.६४% भएको पाइयो भने सोही विद्यालयमा अभिभावकको आय २.९१% मात्र भएको पाइयो। विद्यालयको निजी स्रोत ०.७४%, स्थानीय सरकारबाट २.४९% र अन्यबाट ०.२१% लगानी गरेको देखिन्छ। सरकारी विद्यालयमा सरकारको मात्र ठूलो लगानी हिस्सा भएकोले गर्दा विद्यालय नै सरकारको भन्ने सोच मानिसहरूमा भएको पाइन्छ। साथै आफ्नो लगानी भावना देखिंदैन। परिणाम स्वरूप शैक्षिक गुणस्तरमा यसबाट नकारात्मक असर देखियो।

तालिका १४ : धुलावारी माध्यमिक विद्यालयको विगत ३ वर्षको आयस्रोत

| क्र.सं. | शीर्षक | रकम रु | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सरकारी अनुदान | ४०१५६५९१.६० | ९२.९९ | |
| २ | अभिभावक शुल्क | १३१३०५५.०० | ३.०४ | |
| ३ | विद्यालयको निजी स्रोत | ४०४३८०.९० | ०.९४ | |
| ४ | स्थानीय सरकार | १२९००००.०० | २.९९ | |
| ५ | अन्य | २००००.०० | ०.०५ | |
| | जम्मा | ४३१८४०२७.५० | १००.०० | |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

माथि उल्लेखित विद्यालय धुलावारी मा.वि.को तीन आ.व.को आय अवस्थाको विश्लेषण गर्दा सरकारी आय सबैभन्दा बढी ९२.९९% भएको पाइयो भने सोही विद्यालयमा अभिभावकको आय ३.०४% मात्र भएको पाइयो । विद्यालयको निजी स्रोत ०.९४%, स्थानीय सरकारबाट २.९९% र अन्यबाट ०.०५% लगानी गरेको देखिन्छ । सरकारी विद्यालयमा सरकारको मात्र ठूलो लगानी हिस्सा भएकोले गर्दा विद्यालय नै सरकारको भन्ने सोच मानिसहरूमा भएको पाइन्छ । साथै आफ्नो लगानी भावना देखिंदैन । परिणाम स्वरूप शैक्षिक गुणस्तरमा यसबाट नकारात्मक असर देखियो ।

तालिका १५ : आदर्श माध्यमिक विद्यालयको विगत ३ वर्षको आयस्रोत

| क्र.सं. | शीर्षक | रकम रु | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सरकारी अनुदान | ३९७४७१९४.२८ | ९५.२७ | |
| २ | अभिभावक शुल्क | १३६०८३०.०० | ३.२६ | |
| ३ | विद्यालयको निजी स्रोत | ४१४५७१.०० | ०.९९ | |
| ४ | स्थानीय सरकार | २०००००.०० | ०.४८ | |
| ५ | अन्य | ०.०० | ०.०० | |
| | जम्मा | ४१७२२५९५.२८ | १००.०० | |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

माथि उल्लेखित विद्यालय आदर्श मा.वि.को तीन आ.व.को आय अवस्थाको विश्लेषण गर्दा सरकारी आय सबैभन्दा बढी ९५.२७% भएको पाइयो भने सोही विद्यालयमा अभिभावकहरूबाट उठाइएको शुल्क बापतको आय ३.२६% मात्र भएको पाइयो । विद्यालयको निजी स्रोत ०.९९%, स्थानीय सरकारबाट ०.४८% लगानी गरेको देखिन्छ । सरकारी विद्यालयमा सरकारको मात्र ठूलो लगानी हिस्सा भएकोले गर्दा विद्यालय नै सरकारको भन्ने सोच मानिसहरूमा भएको पाइन्छ । साथै आफ्नो लगानी भावना देखिंदैन । परिणाम स्वरूप शैक्षिक गुणस्तरमा यसबाट नकारात्मक असर देखियो ।

**तुलनात्मक आय अवस्था**

अध्ययन क्षेत्रमा परेका ३ वटा विद्यालयहरूको आय कुन विद्यालयमा कुन पक्ष कति बढी या कम छ भन्ने कुरालाई तलको एकीकृत तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।


तालिका १६ : एकीकृत आय विवरण

| क्र. सं. | शीर्षक | आय प्रतिशत | | |
|---|---|---|---|---|
| | | ज्यामिरगढी | धुलावारी | आर्दश |
| १ | सरकारी अनुदान | ९३.६४ | ९२.९९ | ९५.२७ |
| २ | अभिभावक शुल्क | २.९१ | ३.०४ | ३.२६ |
| ३ | विद्यालयको निजी स्रोत | ०.७४ | ०.९४ | ०.९९ |
| ४ | स्थानीय सरकार | २.४९ | २.९९ | ०.४८ |
| ५ | अन्य | ०.२१ | ०.०५ | ०.०० |
| | जम्मा | १००.०० | १००.०० | १००.०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

माथिको तालिकालाई स्तम्भचित्रमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

चित्र १ : एकीकृत आय




माथिको तालिका र स्तम्भचित्रको विश्लेषण गर्दा ३ वटै विद्यालयमा सरकारी अनुदानबाट ९०% भन्दा बढी आय भएको पाइयो । दोस्रो बढी आयको स्रोत अभिभावकबाट भएको आय ३% भन्दा बढी पाइएन । स्थानीय सरकारबाट पनि विद्यालयलाई प्रदान गर्ने रकमको नियमितता नरहेको तथा त्यसले पनि ३% भन्दा कम मात्र हिस्सा ओगटेको पाइयो । निजी आम्दानी तथा अन्य क्षेत्रको आम्दानी नगण्य पाइयो । यस्तो अवस्था हुनुमा बिद्यालयले दातृ निकायप्रति कम चासो राखेको देखिन्छ ।

### ४.१.२ विद्यालयको खर्च विश्लेषण

विद्यालयले शिक्षाको निर्दिष्ट उद्देश्यहरू पूरा गर्न विभिन्न स्रोतहरूबाट प्राप्त आम्दानीलाई व्यवस्थित तवरले खर्च गर्नु आवश्यक हुन्छ । विद्यालयको आवश्यकता अनुरूप विभिन्न शैक्षिक क्रियाकलापमा के-कति खर्च गर्ने भन्ने बारेमा वि.व्य.स. र प्रधानाध्यापक बीच सहकार्य गर्दा बढी उद्देश्य केन्द्रित भई अपेक्षित उपलब्धि हासिल हुन सक्दछ । अध्ययन क्षेत्रको ३ वटा विद्यालयहरूले ३ आर्थिक वर्षमा के कति खर्च गरेका छन् भन्ने कुरालाई तल तालिकाबाट स्पष्ट पारिएको छ ।

तालिका १७ : ज्यामिरगढी मा.वि.को ३ आर्थिक वर्षको खर्च विवरण

| क्र.स. | शीर्षक | ०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | जम्मा |
|---|---|---|---|---|---|
| १ | तलव भत्ता | ७९३२३३४.९० | ७९३५६३५.८० | ८२१७३७२.२० | २४०८५३४२.९० |
| २ | पाठ्यपुस्तक | ६६६००.०० | ६४७५०.०० | ७५६७०.०० | २०७०२०.०० |
| ३ | निर्माण तथा मर्मत | ८३०६००.०० | १५२००००.०० | २१००००.०० | २५६०६००.०० |
| ४ | छात्रवृत्ति | ५२४००.०० | ५०३००.०० | ६०१००.०० | १६२८००.०० |
| ५ | कम्प्युटर | १९००००.०० | ५१०००.०० | १२००००.०० | ३६१०००.०० |
| ६ | शैक्षिक सामग्री | ४००००.०० | ४१२००.०० | ४३०१०.०० | १२४२१०.०० |
| ७ | मसलन्द | ३८०००.०० | ४१०८०.०० | ५०३०५.०० | १२९३८५.०० |
| ८ | खेलकुद | ४१०५०.०० | ४३७०९.०० | ६१२००.०० | १४५९५९.०० |
| ९ | परीक्षा | ५०८००.०० | ५१०५३.०० | ४७८००.०० | १४९६५३.०० |
| १० | टेलिफोन विजुली | २१५००.०० | २४८००.०० | २०५००.०० | ६६८००.०० |
| ११ | विविध | २९५००.०० | ४१९००.०० | ३११००.०० | १०२५००.०० |
| | जम्मा | ९२९२७८४.९० | ९८६५४२७.८० | ८९३७०५७.२० | २८०९५२६९.९० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

तालिका १७ लाई हेर्दा विद्यालयमा विभिन्न शीर्षकमा रकम खर्च गरेको पाइयो । जति खर्च हुन्छ त्यसको सबैभन्दा बढी शिक्षक तलव भत्तामा खर्च हुन्छ । यस ज्यामिरगढी मा.वि.मा रु ३४०८५३४२।९० तलवमा खर्च देखियो भने दोस्रो धेरै खर्च निर्माण तथा मर्मतमा रु २५६०६००।- देखियो । त्यसै गरी पाठ्यपुस्तकमा रु२०७०२०।-, कम्प्युटरमा रु ३६१०००।-, छात्रवृत्तिमा रु १६२८००।-, खेलकुदमा रु १४५९५९।-, परीक्षामा रु १४९६५३।- तथा मसलन्द, टेलिफोन, विविधमा क्रमहः रु १२९३८५।-, रु ६६८००।- र रु १०२५००।- खर्च भएको देखिन्छ । यसबाट यो स्पष्ट हुन्छ कि विद्यालयहरूमा भौतिक पक्षमा मात्र बढी लगानी हुने गरेकोले शैक्षिक गुणस्तरमा खासै प्रभाव परेको देखिंदैन । विद्यालयमा ठूलो रकम हुने तर अधिकांश तलव भत्तामा खर्च हुने भएकोले अन्य आवश्यक क्षेत्रमा सधैं खर्च अभाव हुने गर्दछ ।

तालिका १८ : धुलावारी मा.वि.को ३ आर्थिक वर्षको खर्च विवरण

| क्र. स. | शीर्षक | ०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | जम्मा |
|---|---|---|---|---|---|
| १ | तलव भत्ता | १२७७२३२८.६० | १२८१५४७५.७५ | १२९८४९४७.२५ | ३८५७२७५१.६० |
| २ | पाठ्यपुस्तक | ७५८५०.०० | ७८४४०.०० | ८०६२०.०० | २३४९१०.०० |
| ३ | निर्माण तथा मर्मत | २०००००.०० | ६०००००.०० | २१००००.०० | १०१००००.०० |
| ४ | छात्रवृत्ति | ८५७००.०० | ९२२१०.०० | १०९५००.०० | २८७४१०.०० |
| ५ | कम्प्युटर | १४००००.०० | ३०००.०० | १६००००.०० | ३०३०००.०० |
| ६ | शैक्षिक सामग्री | ४३२००.०० | ६१२०५.०० | ४०१३०.०० | १४४५३५.०० |
| ७ | मसलन्द | ७१५००.०० | ८१९००.०० | ५०१०४.०० | २०३५०४.०० |
| ८ | खेलकुद | ५०६००.०० | १०२०००.०० | ८०९००.०० | २३३५००.०० |
| ९ | परीक्षा | ५०२००.०० | ६१६००.०० | ५१२०८.०० | १६३००८.०० |
| १० | टेलिफोन विजुली | ३५०००.०० | ४२५००.०० | ४३९००.०० | १२१४००.०० |
| ११ | विविध | ४१८००.०० | ४७९०७.०० | ४३२००.०० | १३२९०७.०० |
| | जम्मा | १३५६६१७८.६० | १३९८६२३७.७५ | १३८५४५०९.२५ | ४१४०६९२५.६० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

तालिका नं. १८ लाई हेर्दा विद्यालयमा विभिन्न शीर्षकमा रकम खर्च गरेको पाइयो । जति खर्च हुन्छ त्यसका सबै भन्दा बढी शिक्षक तलव भत्तामा खर्च हुन्छ । यस धुलावारी मा.वि.मा तलवमा रु ३८५७२७५१।६०खर्च देखियो भने दोस्रो धेरै खर्च निर्माण तथा मर्मतमा रु १०१००००।- देखियो । त्यसैगरी पाठ्यपुस्तकमा रु २३४९१०।-, कम्प्युटरमा रु ३०३०००।-, छात्रवृत्तिमा २८७४१०।-, खेलकुदमा रु २३३५००।-, परीक्षामा रु १६३००८।-, मसलन्द रु २०३५०४।-, शैक्षिक सामग्रीमा १४४५३५।-, टेलिफोन तथा बिजुलीमा रु १२१४००।- र विविधमा रु १३३२९०७।- खर्च भएको देखिन्छ । यसबाट यो स्पष्ट हुन्छ कि विद्यालयहरूमा भौतिक पक्षमा बढी लगानी भएकाले शैक्षिक पक्षमा खासै प्रभाव परेको देखिंदैन । विद्यालयमा ठूलो रकम हुने तर अधिकांश तलव भत्तामा खर्च हुने भएकोले अन्य आवश्यक क्षेत्रमा सधैं खर्च अभाव हुने गर्दछ ।

तालिका १९ : आदर्श मा.वि. को ३ आर्थिक वर्षको खर्च विवरण

| क्र.स. | शीर्षक | ०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | जम्मा |
|---|---|---|---|---|---|
| १ | तलव भत्ता | १२३७९१९०.७० | १२४२१२९०.४० | १२७२१६१३.१८ | ३७५२२०९४.२८ |
| २ | पाठ्यपुस्तक | ७९२००.०० | ८१०१०.०० | ८९४१०.०० | २४९६२०.०० |
| ३ | निर्माण तथा मर्मत | ६००००.०० | ४०००००.०० | २००००.०० | ४८००००.०० |
| ४ | छात्रवृत्ति | ९४२००.०० | ९३५००.०० | ९८०००.०० | २८५७००.०० |
| ५ | कम्प्युटर | १६००००.०० | ४००००.०० | ६००००.०० | २६००००.०० |
| ६ | शैक्षिक सामग्री | ५१२००.०० | ४५२६५.०० | ७५०००.०० | १७१४६५.०० |
| ७ | मसलन्द | ६०९१०.०० | ७१८००.०० | ४२१००.०० | १७४८१०.०० |
| ८ | खेलकुद | ५००००.०० | ३००००.०० | १२०००.०० | ९२०००.०० |
| ९ | परीक्षा | ४८८००.०० | ४१९००.०० | ४०५००.०० | १३१२००.०० |
| १० | टेलिफोन विजुली | ३१०३१.०० | ४०१७०.०० | ४०२००.०० | १११४०१.०० |
| ११ | विविध | ६८०७०.०० | ६५०४०.०० | ७००००.०० | २०३११०.०० |
| | जम्मा | १३०८२६०१.७० | १३३२९९७५.४० | १३२६८८२३.१८ | ३९६८१४००.२८ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

माथिको तालिकालाई अध्ययन गर्दा विद्यालयमा विभिन्न शीर्षकमा रकम खर्च गरेको पाइयो । जति खर्च हुन्छ त्यसमा सबै भन्दा बढी शिक्षक तलव भत्तामा खर्च हुन्छ । यस आदर्श मा.वि.मा रु ३७५२२०९४।२८ तलवमा खर्च देखियो भने दोस्रो धेरै खर्च निर्माण तथा मर्मतमा रु ४८००००।- देखियो । त्यसै गरी पाठ्यपुस्तकमा रु २४९६२०।-, छात्रवृत्तिमा रु २८५७००।-, कम्प्युटरमा २६००००।-, शैक्षिक सामग्रीमा रु १७१४६५।-, मसलन्दमा रु १७४८१०।-, परीक्षामा रु १३१२००।-, टेलिफोन बिजुलीमा रु १११४०१।-, खेलकुदमा रु ९२०००।- र विविधमा रु २०३११०।- खर्च भएको देखिन्छ । यसबाट यो स्पष्ट हुन्छ कि विद्यालयहरूमा भौतिक पक्षमा बढी लगानी हुने गरेकाले शैक्षिक पक्षमा खासै प्रभाव परेको

देखिंदैन । विद्यालयमा ठूलो रकम हुने तर बढी तलव भत्तामा खर्च हुने भएकोले अन्य आवश्यक क्षेत्रमा सधैं खर्च अभाव हुने गर्दछ ।

## खर्चको तुलनात्मक अवस्था

अध्ययन क्षेत्रमा परेका ३ वटै विद्यालयहरूको खर्च विवरणलाई प्रतिशतमा रुपान्तरण गरी निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २० : खर्चको तुलनात्मक विवरण

| क्र. स. | शीर्षक | विद्यालय र खर्च प्रतिशत | | |
|---|---|---|---|---|
| | | ज्यामिरगढी | धुलावारी | आदर्श |
| १ | तलव भत्ता | ८५.७३ | ९३.१६ | ९४.५६ |
| २ | पाठ्यपुस्तक | ०.७४ | ०.५७ | ०.६३ |
| ३ | निर्माण तथा मर्मत | ९.११ | २.४४ | १.२१ |
| ४ | छात्रवृत्ति | ०.५८ | ०.६९ | ०.७२ |
| ५ | कम्प्युटर | १.२८ | ०.७३ | ०.६६ |
| ६ | शैक्षिक सामग्री | ०.४४ | ०.३५ | ०.४३ |
| ७ | मसलन्द | ०.४६ | ०.४९ | ०.४४ |
| ८ | खेलकुद | ०.५२ | ०.५६ | ०.२३ |
| ९ | परीक्षा | ०.५३ | ०.३९ | ०.३३ |
| १० | टेलिफोन विजुली | ०.२४ | ०.२९ | ०.२८ |
| ११ | विविध | ०.३६ | ०.३२ | ०.५१ |
| | जम्मा | १००.०० | १००.०० | १००.०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

तुलनात्मक रुपमा अध्ययन गर्दा ज्यामिरगढी मा.वि.को ८५.७३%, धुलावारी मा.वि. को ९३.१६% र आर्दश मा.वि.को ९४.५६% तलब भत्तामा खर्च भएको पाइयो । तीनवटै विद्यालयमा तलव भत्ताभन्दा धेरै कम रकम भौतिक निर्माण तथा मर्मतमा खर्च भएको देखिन्छ । तीनवटै विद्यालयमा शैक्षिक सामग्री, मसलन्द, खेलकुद, परीक्षा टेलिफोन बिजुली जस्ता शीर्षकमा १% भन्दा कम खर्च भएको पाइयो । माथि उल्लेखित तीनवटै विद्यालयहरू

सरकारी विद्यालय भएका हुनाले पनि आम्दानी तथा खर्चको विवरण समान खालको पाइन्छ ।

**अभिभावको वार्षिक शैक्षिक खर्च**

अभिभावक शिक्षा क्षेत्रको प्रमुख सरोकारको पक्ष हो । आफ्नो सन्तानलाई गुणस्तरीय शिक्षा प्रदान गर्न अभिभावकको महत्त्वपूर्ण योगदान हुन्छ । शिक्षामा सरकारले मात्र दायित्व लिएर पुग्दैन । अभिभावक जति चेतनशील हुन्छ, उसले आफ्ना बालबालिकाका लागि त्यति नै बढी लगानी गर्दछ । तर हाम्रो सामुदायिक विद्यालयमा अभिभावकले ज्यादै न्यून लगानी गरेको पाइन्छ । सामुदायिक विद्यालयमा शिक्षामा अभिभावकले मूलतः दुई किसिमले खर्च गरेको पाइन्छ । शुल्कसँग सम्बन्धित खर्च विद्यालयको खर्चसँग जोडिएर आउँछ । तर विद्यालयसँग असम्बन्धित खर्चहरूमा पोशाक, पाठ्यपुस्तक, कापी, कलम, खाजा, यातायात, ट्युशन फि जस्ता पक्षमा अभिभावकले खर्च गरेको पाइन्छ । यहाँ अध्ययन क्षेत्रका विद्यालयहरूको ३ वर्षको सम्पूर्ण खर्चलाई औसत रूपमा अलग-अलग देखाइएको छ ।

तालिका २१ : अभिभावकको तीन वर्षको औसत खर्च

| क्र.सं. | शीर्षक | ज्यामिरगढी | धुलावारी | आदर्श |
|---|---|---|---|---|
| १ | पोशाक | ३२००.०० | २९८०.०० | २५६०.०० |
| २ | थप पाठ्यपुस्तक | ५१५.०० | ९१४.०० | १२००.०० |
| ३ | सन्दर्भ सामग्री | १०८०.०० | १०२०.०० | ८९०.०० |
| ४ | कापी कलम आदि | ४१००.०० | ४६००.०० | ४९००.०० |
| ५ | खाजा | ३६००.०० | ३८००.०० | ४०००.०० |
| ६ | यातायात | १२००.०० | १४००.०० | ९००.०० |
| ७ | ट्युशन | ६५००.०० | ५०००.०० | ७५००.०० |
| ८ | विविध | २४००.०० | २८००.०० | २१३०.०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

माथिको तालिकामा विद्यालयको तर्फबाट गरिएको खर्चहरू मात्र पर्याप्त नभएको हुँदा आफ्ना नानीहरूका लागि अभिभावकले विभिन्न शीर्षकमा खर्च गरेको देखिन्छ । यसमा सबैभन्दा बढी ट्युशननमा खर्च गरेको अभिभावकले बताएका थिए भने ज्यामिरगढी

मा.वि.तथा धुलावारी मा.वि.का अभिभावकका अनुसार गाइड, ग्रामर, गेस पेपरमा सबैभन्दा कम खर्च गरेको पाइयो । आदर्श मा.वि.ले भने सन्दर्भ सामग्रीमा कम खर्च गरेको पाइयो ।

गुणस्तरीय शिक्षाका लागि सरकारी लगानी मात्र पर्याप्त छैन । शिक्षाको लक्षित वर्ग विद्यार्थी भएको हुँदा निजको अभिभावकको अधिकतम शैक्षिक खर्चमा सहभागिता हुनु पर्दछ । तर अभिभावकले शिक्षालाई लगानीको रूपमा लिन नसेको स्थिति छ । अहिलेको वर्तमान स्थितिमा गुणस्तरीय शिक्षाको नारा संस्थागत विद्यालयले दिएको हुँदा अधिकांश उच्च र मध्यम वर्गीय अभिभावकले महंगो निजी विद्यालयमा चर्को शुल्क तिरेर बालबच्चालाई पढाइरहेको अवस्था छ । हाम्रा सामुदायिक विद्यालयमा आर्थिक रूपमा गरिब परिवारले मात्र आफ्ना बालबच्चा पढाउने यथार्थ देखिएको छ । त्यसमा पनि अभिभावकवर्ग शिक्षाप्रति सचेत छैनन् । विद्यालयको निजी स्रोतको व्यवस्थापन पक्ष पनि ज्यादै कमजोर छ । राज्यले शिक्षकको व्यवस्थापन राम्रो ढङ्गले गर्न सकेको छैन । राजनीतिक पहुँच हुने शिक्षकहरू सरदमुकाम र राजधानीका केही सुविधा सम्पन्न विद्यालयमा सरुवा भई जाने हुँदा ग्रामीण क्षेत्रका विद्यालयहरू नाजुक अवस्थामा रहेका छन् । धेरै विद्यार्थी भएको विद्यालयमा शिक्षक दरबन्दी छैन भने विद्यार्थी कम भएका विद्यालयमा शिक्षक सङ्ख्या धेरै रहेको पाइन्छ । शिक्षामा राजनीतिक हस्तक्षेप व्याप्त रहेकोले विद्यालयको आर्थिक र मानवीय स्रोत साधन निष्कृय बन्दै गइरेको छ जसको परिणामस्वरूप प्रत्येक वर्षको एस.एल.सी.परीक्षको नतिजामा सामुदायिक विद्यालयको शैक्षिक स्तर घट्दै गइरहेको छ ।

यस अध्ययनमा उल्लेखित सिद्धान्त र साहित्य समीक्षाले माध्यमिक विद्यालयको खर्च उच्च प्रतिफल हासिल गर्नेतर्फ उन्मुख हुनुपर्दछ । योनाबद्ध ढङ्गले गरिएको खर्चले शैक्षिक संस्थाले निर्धारण गरेको उद्देश्यहरू पूरा हुन सक्दछ । लागत लाभ विश्लेषण अनुसार न्यूनतम लगानीबाट उच्चतम उपलब्धि हासिल हुनुपर्दछ । अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूले लगानी अनुरूपको प्रतिफल लिन नसकेको पाइन्छ । सामुदायिक विद्यालयले शैक्षिक गुणस्तरमा सुधार गर्न र एस.एल.सी परीक्षाको नतिजामा वृद्धि गर्न शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रममा उच्चतम लगानी गर्नु जरुरी देखिन्छ ।

### ४.१.३ विद्यालयको आयस्रोत बढाउने उपायहरु

विद्यालयमा गुणत्मक शिक्षाको विकास गर्नका लागि आर्थिक पक्षले महत्वपूर्ण भूमिका खेल्दछ । तसर्थ आयस्रोत बढाउनको लागि प्रत्येक वर्ष देउसी खेलाउने, सम्भव

भएमा पुराण लगाउने तथा शिक्षक दरवन्दीको व्यवस्था गरी निजी स्रोतमा कार्यरत शिक्षक हटाउने, अक्षयकोषको व्यवस्था गर्ने, अझ बढी आर्थिक पारदर्शिता कायम गरी खर्चमा कटौती गर्ने कार्यमा प्राथमिकता दिने, चन्दादातालाई आकर्षित गर्न शिलालेख, सम्मानपत्रको व्यवस्था गरी आयस्रोत बढाउने ।

## ४.२ विद्यालयको वित्तीय व्यवस्थापनले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

### ४.२.१ विद्यार्थी विवरण

यहाँ अध्ययन क्षेत्रका ३ वटा माध्यमिक विद्यालयहरूको ३ वर्षको कक्षा ९ र कक्षा १० को अलग अलग विद्यार्थी भर्ना, कक्षा दोहोऱ्याउने दर, कक्षा छोड्ने दर के कति छ त्यसलाई स्पष्ट पार्ने प्रयास गरिएको छ ।

तालिका २२ : ज्यामिरगढी मा.वि.को विद्यार्थी विवरण

| शैक्षिक वर्ष | भर्ना | | | कक्षा दोहोऱ्याउने | | | कक्षा छाड्ने | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०७१ | ३५ | ५५ | ९० | ३ | २ | ५ | ७ | ४ | ११ |
| २०७२ | ३८ | ४७ | ८५ | ४ | १ | ५ | ७ | २ | ९ |
| २०७३ | ५० | ६० | ११० | ३ | ४ | ७ | ५ | ४ | ९ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

तालिका २२ मा ज्यमिरगढी मा.वि. को कक्षा ९ मा भर्ना भएका, कक्षा दोहोऱ्याउने तथा कक्षा छोड्ने दरलाई देखाइएको छ । २०७१ सालको शैक्षिक सत्रमा ९० जना भर्ना भएका मध्ये ५ जनाले कक्षा दोहोऱ्याए भने ११ जनाले कक्षा छोडेका देखियो । त्यस्तै २०७२ मा ८५ जना भर्ना भएका मध्ये ५ जनाले कक्षा दोहोऱ्याएको तथा ९ जनाले कक्षा छोडेको देखिन्छ भने २०७३ सालमा ११० जना भर्ना भएका मध्ये ७ जनाले कक्षा दोहोऱ्याएको तथा ९ जनाले कक्षा छोडेको देखिन्छ । कक्षा छाड्ने तथा कक्षा दोहोऱ्याउने दरमा क्रमशः ह्रास हुँदै गएको देखिन्छ ।

तालिका २३ : धुलावारी मा.वि.को विद्यार्थी विवरण

| शैक्षिक वर्ष | भर्ना | | | कक्षा दोहोऱ्याउने | | | कक्षा छाड्ने | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०७१ | ७३ | ८२ | १५५ | ३ | २ | ५ | १ | २ | ३ |
| २०७२ | ८६ | ७९ | १६५ | ६ | १ | ७ | २ | २ | ४ |
| २०७३ | ८० | ७८ | १५८ | ८ | ६ | १४ | १ | - | १ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

तालिका २३ मा धुलावारी मा.वि. को कक्षा ९ मा भर्ना भएका, कक्षा दोहोऱ्याउने तथा कक्षा छोड्ने दरलाई देखाइएको छ । शैक्षिक वर्ष २०७१ मा १५५ जना भर्ना भएकोमा ५ जनाले कक्षा दोहोऱ्याएको र ३ जनाले कक्षा छोडेको पाइयो । त्यस्तै २०७२ मा १६५ जना भर्ना भएका मध्ये ७ जनाले कक्षा दोहोऱ्याएको र ४ जनाले कक्षा छोडेको पाइयो । त्यसरी नै २०७३ मा १५८ जना भर्ना भएका मध्ये १४ जनाले कक्षा दोहोऱ्याएको र १ जनाले कक्षा छोडेको पाइयो । यसरी कक्षा छाड्ने दरमा कमी आउँदै गएको पाइन्छ भने कक्षा दोहोऱ्याउने दरमा भने सुधार हुन नसकेको देखिन्छ ।

तालिका २४ : आदर्श मा.वि.को विद्यार्थी विवरण

| शैक्षिक वर्ष | भर्ना | | | कक्षा दोहोऱ्याउने | | | कक्षा छाड्ने | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०७१ | ९० | ८० | १७० | ७ | ५ | १२ | ४ | ९ | १३ |
| २०७२ | ८७ | ९७ | १८४ | ५ | १ | ६ | २ | २ | ४ |
| २०७३ | ८० | ८८ | १६८ | ३ | ५ | ८ | - | १ | १ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

तालिका २४ मा ३ आदर्श मा.वि. को कक्षा ९ मा भर्ना भएका, कक्षा दोहोऱ्याउने तथा कक्षा छोड्ने दरलाई देखाइएको छ । शैक्षिक वर्ष २०७१ मा १७० जना भर्ना भएकोमा १२ जनाले कक्षा दोहोऱ्याएको र १३ जनाले कक्षा छोडेको पाइयो । त्यस्तै २०७२ मा १८४ जना भर्ना भएका मध्ये ६ जनाले कक्षा दोहोऱ्याएको र ४ जनाले कक्षा छोडेको पाइयो । त्यसरी नै २०७३ मा १६८ जना भर्ना भएका मध्ये ८ जनाले कक्षा दोहोऱ्याएको र १ जनाले

कक्षा छोडेको पाइयो ।यस विद्यालयमा कक्षा दोहोऱ्याउने र कक्षा छोड्ने दुवै दरमा कमी आएको पाइन्छ ।

### ४.२.२ एस. एल.सी. र एस. ई. ई. नतिजा विश्लेषण

अध्ययन क्षेत्रका तीनवटा माध्यमिक विद्यालयहरूको विगत तीन वर्षको एस. एल.सी./एस. ई. ई. नतिजा निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका २५ : ज्यामिरगढी मा.वि.को को नतिजा

| शैक्षिक वर्ष | विद्यार्थी सङ्ख्या | | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|
| | परीक्षामा सामेल | उत्तीर्ण | |
| २०७१ | ८० | १५ | १८.७५ |
| २०७२ | ७४ | १२ | १६.२२ |
| २०७३ | ९४ | १८ | १९.१५ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

ज्यामिरगढी मा.वि.को तीन शैक्षिक वर्षको एस.एल.सी./एस. ई. ई. नतिजा विश्लेषण गर्दा शैक्षिक वर्ष २०७१ को नतिजा १८.७५%, २०७२ मा १६.२२% र २०७३ मा १९.१५% देखियो । यस विद्यालयमा यी वर्षहरूको राष्ट्रिय नतिजाको तुलनामा अत्यन्तै कम विद्यार्थीहरू उत्तीर्ण भएको पाइयो जवकि सामुदायिक विद्यालयहरूको राष्ट्रिय नतिजा नै कम छ ।

तालिका २६ : धुलावारी मा.वि.को को नतिजा

| शैक्षिक वर्ष | विद्यार्थी सङ्ख्या | | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|
| | परीक्षामा सामेल | उत्तीर्ण | |
| २०७१ | ११० | १८ | १६.३७ |
| २०७२ | १४७ | ४० | २७.२१ |
| २०७३ | १५४ | ५१ | ३३.१२ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

धुलावारी मा.वि. को तीन शैक्षिक वर्षको एस.एल.सी./एस. ई. ई. नतिजा विश्लेषण गर्दा शैक्षिक वर्ष २०७१, २०७२ र २०७३ को नतिजा क्रमशः १६.३७%, २७.२२१% र ३३.१२% छ । विद्यालयमा भएको लगानीलाई हेर्दा यो नतिजा अत्यन्तै न्यून मानिन्छ ।

तालिका २७ : आदर्श मा.वि.को को नतिजा

| शैक्षिक वर्ष | विद्यार्थी सङ्ख्या | | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|
| | परीक्षामा सामेल | उत्तीर्ण | |
| २०७१ | १४९ | ५० | ३३.५६ |
| २०७२ | १४५ | ८० | ५५.१७ |
| २०७३ | १५९ | १०० | ६२.८९ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७४

आदर्श मा.वि. को तीन शैक्षिक वर्षको एस.एल.सी./एस. ई. ई. नतिजा विश्लेषण गर्दा शैक्षिक वर्ष २०७१, २०७२ र २०७३ मा क्रमशः ३३.५६%, ५५.१७% र ६२.८९% छ। यस विद्यालयको नतिजा राष्ट्रिय नतिजासँग नजिक रहेको पाइन्छ। अन्य २ विद्यालयको तुलनामा यस विद्यालयमा शैक्षिक उन्नति भएको देखिन्छ।

राष्ट्रिय नतिजालाई हेर्दा प्रत्येक वर्षको सामुदायिक माध्यमिक विद्यालयको नतिजा ज्यादै कमजोर देखिन्छ। सरकार र अभिभावकले गरेको शैक्षिक लगानीको प्रतिफल ज्यादै न्यून स्थितिमा देखिएको छ जसले गर्दा लाखौं विद्यार्थी र अभिभावक निराश भएका छन्। लाखौंलाख युवा शक्ति वेरोजगार भई विदेश पलायन भइरहेका छन्। यसले देशको आर्थिक विकासमा ठूलो समस्या र चुनौतिहरू खडा गरेको छ।

### ४.२.३ शैक्षिक खर्च र शैक्षिक उपलब्धि बीचको सम्बन्ध

अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूले विभिन्न आम्दानीका स्रोतबाट प्राप्त रकम मध्येबाट विभिन्न शीर्षकमा वार्षिक रूपमा खर्च गरेको देखिन्छ। विद्यालयको शैक्षिक उपलब्धि स्तरको अवस्थालाई तुलनात्मक अध्ययन गर्नु आवश्यक हुन्छ। यस शोध अध्ययनको मुख्य उद्देश्य विद्यालयमा गरिने खर्चको आधारमा शैक्षिक उपलब्धिको अवस्था कस्तो रह्यो भनी लेखाजोखा गर्नु हो। प्रत्येक वर्ष विद्यालयमा शैक्षिक क्रियाकलापमा ठूलो सरकारी लगानी खर्च भइरहेको छ। उक्त लगानी अनुसार प्रतिफल प्राप्त गर्न के कस्तो शैक्षिक कार्यक्रममा खर्च गर्ने हो अर्थात सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न के कस्तो योजना, नीति र कार्यक्रम आवश्यक पर्छ भन्ने बारेमा यो शोध अध्ययन केन्द्रित रहेको छ।

विद्यालयमा गरिने खर्चहरु मध्ये सिकाइ सहजीकरण तथा सबलीकरणको प्रक्रियामा गरिएका खर्चहरुबाट प्रत्यक्ष रूपमा सिकाइ उपलब्धि वृद्धि हुन्छ भने अतिरिक्त क्रियाकलाप, छात्रवृत्ति तथा भौतिक सुविधा विस्तारमा गरिएका खर्चहरुबाट परोक्ष रूपमा सिकाइ उपलब्धि वृद्धिमा सहयोग पुग्दछ । प्रशासनिक खर्चले सिकाइ उपलब्धिमा परोक्ष प्रभाव त पार्दछ तर यसको प्रभाव नगण्य हुने गर्दछ ।

## ४.३ विद्यालयको शैक्षिक गुणस्तर सुधारका उपायहरू

अध्ययन क्षेत्रका विद्यालयको शैक्षिक स्थितिको मूल्याङ्कन गर्दा न्यून अवस्था देखिन्छ । एस.एल.सी.परीक्षाको नतिजा विश्लेषण गर्दा अधिकांश विद्यालयहरूले ४०% भन्दा कम विद्यार्थी उत्तीर्ण गराएको अवस्था छ । विद्यालयमा प्राप्त सरकारी अनुदान नीजि स्रोत र स्थानीय सरकारबाट आय आम्दानी विद्यालयको शिक्षाको गुणस्तर वृद्धि गर्ने कार्यक्रममा खर्च नगरेको देखिन्छ । विद्यालयको सरकारी अनुदानभन्दा अन्य आयस्रोतको स्थिति ज्यादै कमजोर देखिन्छ । सरकारी अनुदानको रकम शिक्षक तलब भत्ता र भौतिक संरचना निर्माणमा मात्र खर्च सीमित भएको पाइन्छ । शैक्षिक गुणस्तर वृद्धि गर्न हरेक वर्ष विद्यालयले के कस्ता कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्दछन् भनी सम्बन्धित विद्यालयमा गई शिक्षक, विद्यार्थी, प्र.अ.सँग प्रत्यक्ष अर्न्तक्रिया गरेर वस्तुगत तथ्याङ्क लिने प्रयास गरिएको छ । स्थलगत सर्वेक्षणबाट प्राप्त जानकारीहरूलाई तल निम्नलिखित उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

### ४.३.१ अतिरिक्त (ट्युसन तथा कोचिङ) कक्षाको व्यवस्था

अध्ययन क्षेत्रका विद्यालयमा गई स्थलगत सर्वेक्षण गर्दा उक्त विद्यालयहरूले मा.वि. तहका विद्यार्थीहरूलाई एस.एल.सी./एस. ई. ई. परीक्षा तयारीका लागि कोचिङ कक्षा वा ट्युसनको व्यवस्था गरेको देखिए पनि त्यति प्रभावकारी देखिएन । विद्यलायको नियमित कक्षा र अतिरिक्त कक्षाको पढाउने समय तालमेल हुन नसक्दा टाढाबाट विद्यालय आउने विद्यार्थीलाई समस्या भएको पाइयो । यसका लागि विद्यालयले पनि भवनको अभावले गर्दा विद्यार्थीलाई कोठा उपलब्ध गराउने अवस्था पनि देखिएन जसले गर्दा थोरै विद्यार्थीहरूले मात्र अतिरिक्त कक्षा पढेको अवस्था पाइयो ।

### ४.३.२ अतिरिक्त क्रियाकलापहरू

विद्यार्थीहरूको शारिरिक, मानसिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकासका लागि अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्नु आवश्यक हुन्छ । अध्ययन क्षेत्रका विद्यालयको सर्वेक्षण गर्दा सम्बन्धित विद्यालयले अतिरिक्त क्रियाकलापहरू गर्ने गरेको पाइए पनि विद्यार्थीहरूको उल्लेखनीय सहभागिता देखिएन । अतिरिक्त क्रियाकलापभित्र पनि विशेष गरी खेलकुद र सांस्कृतिक कार्यक्रममा बढी जोडिएको तर विद्यार्थीहरूको बौद्धिक क्षमता वृद्धि गर्ने खालका हाजिरीजवाफ वक्तृत्वकला, वादविवाद, साहित्यिक कार्यक्रमहरू अलि कम मात्रमा गरेको पाइयो जसमा मन्द क्षमताका विद्यार्थीहरूले भाग लिन नरुचाएको देखियो । शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अतिरिक्त क्रियाकलापको माध्यमबाट विद्यार्थीहरूका सहभागितामूलक विभिन्न किसिमका कार्यहरू गर्न सकिने हुँदा सम्बन्धित विद्यालयले चासो लिनु आवश्यक हुन्छ ।

### ४.३.३ शिक्षक तालिम, सेमिनार र गोष्ठि

तालिमको हकमा अध्ययन क्षेत्रका विद्यालयका शिक्षकहरू प्रायः तालिमप्राप्त र योग्य देखिएको छ । प्रत्येक वर्ष शैक्षिक तालिम केन्द्रले शिक्षकको पेशागत क्षमता विकासका लागि तालिम प्रदान गर्दै आएको छ । विद्यालय स्तरमा पनि शिक्षकहरूलाई विषयगत शिक्षणमा आइपरेका समस्याहरू समाधान गर्न सेमिनार, गोष्ठि सञ्चालन गर्नु जरुरी हुन्छ । यसतर्फ सम्बन्धित विद्यालयले त्यति चासो लिएको देखिएन ।

### ४.३.४ तालिमबाट प्राप्त ज्ञान, सिप कक्षाकोठामा प्रयोगको अवस्था

शिक्षकहरूले आफूले अध्यापन गर्ने विषयहरूमा प्राप्त गरेका अनुभव, ज्ञान र सिप कक्षाकोठामा प्रयोग गर्ने कुरालाई कम महत्त्व दिएको पाइयो । शिक्षणका क्रममा कक्षाकोठामा देखिएका समस्याहरूलाई हल गर्न कार्यमूलक अनुसन्धान गरी कार्यान्वयन गर्नु जरुरी हुन्छ । तर अधिकांश शिक्षकहरू सिकाइमा नयाँ विधिको प्रयोग गर्न उत्साहित देखिएन । विद्यालय प्रशासनले पनि यसको लागि आवश्यक भौतिक व्यवस्थापन र वातावरणको निर्माण गर्न नसकेको देखिन्छ । शिक्षकहरूको उदासीनताले विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नमा असर पुऱ्याइरहेको देखिन्छ ।

### ४.३.५ शैक्षिक सामग्री निर्माण र प्रयोगको अवस्था

अध्ययन क्षेत्रमा सम्बन्धित विद्यालयहरूको सर्वेक्षण गर्दा विषयगत शिक्षकहरूले आफूले अध्यापन गर्ने विषयको विषयवस्तु अनुसारको शैक्षिक सामग्री निर्माण र प्रयोगको अवस्था पनि निकै कमजोर नै देखिएको छ । सम्बन्धित विषयका शिक्षकहरूले शैक्षिक सामग्री निर्माण गर्न, दैनिक पाठयोजना निर्माण गर्न र कक्षामा प्रयोग गर्न त्यति ध्यान दिएको पाइएन । विद्यालय प्रशासनले पनि शैक्षिक सामग्री खरिद गर्ने, त्यसको उचित व्यवस्थापन गर्ने र प्रयोगको अवस्था अनुगमन गर्ने कुरामा चासो लिएको देखिंदैन । दैनिक रूपमा प्रयोग गरिने शैक्षिक सामग्री चक र कालोपाटीको सट्टामा सेतोपाटी र मार्कर प्रयोग गर्ने गरेको देखिए पनि त्यति गुणस्तरीय देखिएन । पाठ्यपुस्तकका अतिरिक्त विभिन्न सन्दर्भ सामग्रीहरू पनि विद्यालय प्रशासनले उपलब्ध गर्न नसकेको देखियो । शैक्षिक गुणस्तर वृद्धि गर्न सर्न्दभ सामग्री र शैक्षिक सामग्रीको प्रयोगले पनि महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा दुई मत छैन । त्यसका लागि विद्यालय प्रशासन र सम्बन्धित विषयका शिक्षकले क्रियाशीलता देखाउनु पर्दछ ।

### ४.३.६ कक्षा शिक्षणको निरीक्षण र अनुगमनको अवस्था

विद्यालयहरूको शैक्षिक अवस्थाको स्थिति पत्ता लगाई आवश्यक सुधार गर्न विचार विमर्श र छलफलका लागि जिल्ला शिक्षा कार्यालय, स्रोतव्यक्ति, विद्यालय प्रशासन तथा वि.व्य.स. ले समय समयमा कक्षा अनुगमन तथा निरीक्षण गर्नु आवश्यक हुन्छ । अनुगमनका क्रममा देखिएका समस्या तथा त्रुटिहरूलाई सम्बन्धित शिक्षक समक्ष राखी सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु पर्दछ । अनुगमन निरीक्षण गर्ने काम सम्बन्धित निकायबाट त्यति प्रभावकारी रूपमा भएको पाइँदैन । यस्ता अनुगमन तथा निरीक्षण केवल औपचारिकतामा मात्र सीमित भएको पाइन्छ । निरीक्षणका क्रममा दिइएका निर्देशन तथा सुझावहरू सम्बन्धित विद्यालयहरूले चासो लिएर कार्यान्वयन नगरेको वा नटेरेको स्थिति पनि देखिन्छ ।

## ४.४ अध्ययनका मुख्य प्राप्तिहरू

अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूको आयस्रोतको रूपमा सरकारी अनुदान, अभिभावकबाट शुल्क, विद्यालयको स्वामित्वको सम्पत्ति, स्थानीय सरकार र अन्य स्रोतहरू पाइछन् ।

विद्यालयमा सरकारी अनुदानबाट ९०% भन्दा बढी आय भएको पाइयो । अन्य स्रोतबाट ३% भन्दा कम आय भएको पाइयो ।

विद्यालयहरुको खर्चको अवस्था अध्ययन गर्दा ९०% भन्दा बढी तलब भत्तामा खर्च भएको पाइयो । भौतिक निर्माण तथा मर्मत, शैक्षिक सामग्री, मसलन्द, खेलकुद, परीक्षा टेलिफोन बिजुली जस्ता शीर्षकमा ३% भन्दा कम खर्च भएको पाइयो ।

अध्ययन गरिएका विद्यालयहरुको कक्षा दाहोऱ्याउनेदर तथा कक्षा छोड्नेदर न्यून रहेको पाइयो ।

अध्ययन गरिएका विद्यालयहरु मध्ये एउटा विद्यालयको एस.एल.सी. परीक्षाको नतिजा २०% भन्दा कम, एउटा विद्यालयको ३०% को हाराहारीमा र एउटा विद्यालयको नतिजा ५०% को हाराहारीमा रहेको पाइयो ।

विद्यालयहरूले मा.वि. तहका विद्यार्थीहरूलाई एस.एल.सी. परीक्षा तयारीका लागि कोचिङ कक्षा वा ट्युसनको व्यवस्था गरेको देखिए पनि विद्यार्थी सहभागिताामा कमी देखिएकाले त्यति प्रभावकारी देखिएन ।

अध्ययन क्षेत्रका विद्यालयले अतिरिक्त क्रियाकलापहरू गर्ने गरेको पाइए पनि खेलकुद र सांस्कृतिक कार्यक्रममा बढी जोडिएको तर विद्यार्थीहरूको बौद्धिक क्षमता वृद्धि गर्ने खालका हाजिरीजवाफ वक्तृत्वकला, वादविवाद, साहित्यिक कार्यक्रमहरू अलि कम मात्रमा गरेको पाइयो ।

अध्ययन क्षेत्रका विद्यालयका शिक्षकहरू प्रायः तालिमप्राप्त र योग्य रहेको पाइए पनि तालिम सिपको प्रयोग कक्षाकोठामा कम भएको पाइयो ।

पाठयोजना निर्माण र कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था पनि निकै कमजोर पाइयो ।

अध्ययन क्षेत्रका विद्यालयहरुमा कक्षा शिक्षणको अनुगमन, अवलोकन तथा विद्यालय निरीक्षण अनुगमनको अवस्था कमजोर रहेको पाइयो ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

विद्यालयको प्रमुख आयस्रोत अन्तर्गत सरकारी अनुदानबाट बढीमा ९५.२७% र अन्य स्रोतहरूबाट नगण्य रूपमा अर्थात ४.७३% योगदान रहेको देखिन्छ। यसर्थ सामुदायिक विद्यालयहरू पूर्ण रूपमा सरकारी अनुदानमा निर्भर रहेको देखिन्छ।

विद्यालयको खर्च विश्लेषण गर्दा शैक्षिक वर्ष २०७१, २०७२ र २०७३ मा शिक्षक कर्मचारी तलब भत्तामा बढीमा ९४.५६% खर्च भएको देखिन्छ भने शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने खालको शीर्षक अर्न्तगत शैक्षिक सामग्री, पुस्तकालय, खेलकुद, छात्रवृत्तिमा कुल खर्चको ५.४४% मात्र खर्च गर्ने गरेको पाइन्छ। तलब भत्ताको खर्चको तुलनामा यस्ता शीर्षकमा नगण्य खर्च भएको देखिन्छ। अभिभावकले निःशुल्क शिक्षा हुँदा पनि ट्युसन, कोचिङ वापतको शुल्क खर्च गर्ने गरेको पाइन्छ।

शैक्षिक सत्र २०७१, २०७२ र २०७३ सालका एस. एल. सी. परीक्षाको नतिजालाई विश्लेषण गर्दा आदर्श मा.वि. को २०७२ र २०७३ को नतिजा बाहेक ४०% भन्दा कम विद्यार्थीहरू उत्तीर्ण भएको पाइन्छ। यसरी विद्यालयमा प्राप्त आयस्रोत खर्चको अवस्था र शैक्षिक उपलब्धि बीच तुलना गर्दा खर्च अनुरूपको शैक्षिक उपलब्धि स्तर अत्यन्त न्यून देखिन्छ।

माध्यमिक शिक्षाबाट उत्पादित जनशक्तिको रोजगारी पाउने अवसर न्यून रहेका अवस्था छ। माध्यमिक तहका शैक्षिक गुणस्तरमा सुधार नआउनुमा सरकारी अनुदानको ठूलो अंश शिक्षक तथा कर्मचारी तलब भत्तामा मात्र खर्च हुनु, शैक्षिक गुणस्तर वृद्धि गर्ने खालका कार्यक्रममा खास खर्च नगर्नु, विद्यालयको नीजि स्रोतलाई प्रभावकारी रूपमा परिचालन गर्न नसक्नु, राजनीतिक भागवण्डाका आधारमा विद्यालय व्यवस्थापन समिति गठन हुनु र राजनीतिक सोचले ग्रसित हुनु, शिक्षकहरूले इमान्दारितापूर्वक आफ्नो कतर्व्य र पेशाप्रति लगनशीलता नदेखाउनु, विद्यालय र अभिभावक बीच घनिष्ठ सम्बन्ध नहुनु, अभिभावक वर्ग शिक्षाप्रतिको दायित्त्वबाट पन्छिनु, प्रशासनिक निकायले विद्यालयको निरीक्षण र अनुगमन कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउन नसक्नु नै माध्यमिक विद्यालयका शैक्षिक गुणस्तर ह्रास हुनुका मुख्य समस्याहरू हुन्।

## ५.२ सुझावहरू

यस अध्ययनमा तथ्याङ्क विश्लेषणबाट तथ्यगत प्राप्ति र निष्कर्षहरू प्राप्त भएका छन् । अध्ययनका प्राप्ति र निष्कर्षहरूका आधारमा विभिन्न सुझावहरू प्रस्तावित गर्न सकिन्छ । यी सुझावहरूलाई नीति निर्माण तह, कार्यान्वयन तह र अनुसन्धान तहमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीति निर्माण तह

अध्ययनबाट दखिएका केही समस्याहरू समाधानका लागि केन्द्रीय तहबाट नीति निर्माण गरेर मात्र समाधान हुने भएकोले निम्न अनुसार सुझाव प्रस्तुत गरिएको छ :

अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूको प्रमुख आयस्रोतको रूपमा सरकारी अनुदान रहको छ । यस अनुदान रकमको ठूलो अंश शिक्षक तलब भत्तामा खर्च हुने गरी दिएको र शैक्षिक गुणस्तर वृद्धि गर्ने खालका कार्यक्रमको लागि विद्यालय सुधार योजना अन्तर्गत प्रतिविद्यार्थी रकम दिने भए पनि यो रकम नगण्य मात्रामा देखिन्छ । तर्सथ निःशुल्क शिक्षा घोषणा गरेको अवस्थामा विद्यालयलाई कम्तीमा आधारभूत कार्यक्रमको लागि पर्याप्त पुग्ने खर्च निकासा दिन आवश्यक देखिन्छ ।

विद्यालयका नीजि स्वामित्वमा रहेको जग्गालाई उपयोग गर्ने नीतिगत व्यवस्था गरी आर्थिक स्रोतलाई वृद्धि गर्न सहयोग पुऱ्याउनु पर्ने देखिन्छ । शिक्षकको दरबन्दी मिलाई रिक्त स्थानमा पुऱ्याउनु पर्ने देखिन्छ । माध्यमिक तह र उच्च माध्यमिक तहको संरचनालाई समायोजन गर्नु पर्दछ । परीक्षा प्रणालीलाई सुधार र परिमार्जन गर्नुका साथै पाठ्यक्रममा पनि परिमार्जन गर्नु जरुरी  देखिन्छ । माध्यमिक शिक्षामा प्राविधिक शिक्षाको व्यवस्था गर्नु पर्दछ । राज्यले निम्न वर्गका विद्यार्थीहरूलाई विशेष सेवा सुविधाको व्यवस्था समेत गर्नु आवश्यक छ ।

### ५.२.२ कार्यान्वयन तह

अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूको दीगो आर्थिक स्रोत व्यवस्थापनका लागि स्थानीय सरकार, विभिन्न तहका गैर सरकारी सङ्घसंस्थालाई शिक्षा क्षेत्रमा लगानी बढाउन उत्प्रेरित गर्न र पञ्चवर्षीय जिल्ला स्तरीय शैक्षिक योजना निर्माण गरी लागू गर्न आवश्यक देखिन्छ । जिल्ला शिक्षा कार्यालयबाट विभिन्न शीर्षकमा निकासा अनुदान रकम निर्धारित मापदण्ड अनुरूप खर्च नगर्ने विद्यालयलाई कडाइका साथ कारवाही गर्न आवश्यक देखिन्छ ।

अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूले अभिभावकबाट भौतिक सहयोग, शुल्क विभिन्न कक्षाको परीक्षा शुल्क, कोचिङ शुल्क, स्थानान्तरण प्रमाणपत्र शुल्क र चारित्रिक प्रमाणपत्र शुल्क निर्धारण विद्यालय पिच्छे नै फरक भएकाले जिल्ला भर एउटा मापदण्डमा उठाउन व्यवस्था गर्न आवश्यक देखिन्छ ।

माध्यमिक तहको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शैक्षिक वातावरणलाई स्वच्छ राख्नुपर्ने, अनुगमन निरीक्षण प्रक्रियालाई प्रभावकारी बनाई शैक्षिक क्रियाकलापमा पृष्ठपोषण दिनुपर्ने, एस. एल. सी. परीक्षलाई मर्यादित र अनुशासित रूपमा सञ्चालन गर्नुपर्ने, उच्च माध्यमिक तह सञ्चालनका लागि न्यूनतम शर्त पूरा भएका विद्यालयलाई मात्र उच्च माध्यमिक परिषदमा सिफारिस गर्नुपर्ने आवश्यक दखिन्छ ।

विद्यालयको वित्तीय अवस्थालाई बलियो बनाउन गरिब, पिछडिएका जनजाति, महिला र अपाङ्ग विद्यार्थीहरू बाहेक सक्षम विद्यार्थीहरूबाट शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रममा खर्च गर्ने गरी सहयोग शुल्क लिने व्यवस्था मिलाउनु आवश्यक देखिन्छ । शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आवश्यक खर्च व्यवस्थापनका लागि आम्दानी प्राप्त हुने स्रोतहरू जुटाउनु आवश्क देखिन्छ ।

शैक्षिक खर्चलाई भावी लगानीको रूपमा रूपान्तरण गर्न ट्युशन, कोचिङ, सन्दर्भ सामग्री, शैक्षिक सामग्री जस्ता शीर्षकमा खर्च गर्न अभिभावकहरूलाई उत्प्रेरित गर्नु जरुरी देखिन्छ । विद्यालयले पनि यस्ता शीर्षकमा बढी लगानी गर्नु आवश्यक  छ । सरकारी अनुदानबाट प्राप्त छात्रवृत्ति रकमलाई नगद वितरण गर्दा शैक्षिक क्षेत्रमा खर्च नहुने देखिएकोले विद्यार्थीलाई आवश्यक पर्ने पोशाक, सन्दर्भ सामग्री, शैक्षिक सामग्रीहरू खरिद गरी पारदर्शी ढङ्गले वितरण गर्दा प्रभावकारी देखिन्छ ।

समग्रमा शिक्षाको सम्पूर्ण व्यवस्थापन सरकारले मात्र गर्न नसक्ने अवस्था  छ । माध्यमिक विद्यालयसँग सम्बन्धित सरोकारवालाले विद्यालयको दीर्घकालीन आर्थिक स्रोतहरूको व्यवस्था र प्रभावकारी परिचालन गरी शिक्षालाई लगानीका रूपमा लिन नितान्त आवश्यक देखिन्छ । माध्यमिक शिक्षाको शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न शिक्षण क्रियाकलापमा सुधार गर्नुपर्ने, तालिमबाट प्राप्त ज्ञान सिपलाई कक्षाकोठाको सिकाइमा प्रयोग गरिनपर्ने, परीक्षा प्रणाली र मूल्याङ्कन प्रक्रियामा सुधार गर्नुपर्ने, विद्यार्थीहरूलाई अनुशासित बनाउन र नियमित रूपमा उपस्थित गराउन अभिभावकलाई विशेष कार्यक्रम

मार्फत विद्यालयप्रति उत्तरदायी बनाउन आवश्यक देखिन्छ। विद्यालयको हर क्रियाकलापमा अभिभावकको सहभागिता बढाउन र विद्यालय अभिभावक सम्बन्ध घनिष्ट बनाउन पनि उत्तिकै आवश्यक देखिन्छ।

### ५.२.३ अनुसन्धान तह

प्रस्तुत अध्ययनले झापा जिल्लाका तीनवटा विद्यालयहरूको अवस्था बारेमा खोज अनुसन्धान गरी निकालेको निष्कर्ष मुलुकभर सामान्यीकरण गर्न सम्भव नहुने भएकाले सामुदायिक विद्यालयहरुमा भएको वित्तीय लगानीको प्रभावकारिताको बारेमा निम्नलिखित शीर्षकहरूमा थप अध्ययन अनुसन्धानको लागि सिफारिस गरिएको छ :

सामुदायिक विद्यालयको वित्तीय अवस्था, सामुदायिक विद्यालयमा वित्तीय अनुदानको उपयोग र प्रभावकारिता, सामुदायिक विद्यालयमा अभिावकको लगानीको अवस्था, सामुदायिक विद्यालयको वित्तीय व्यवस्थापन र शैक्षिक गुणस्तर, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उन्नयनका प्रयासहरू जस्ता शीर्षकहरूमा थप अध्ययन अनुसन्धान गर्न सकिन्छ।

## सन्दर्भ सामग्री


अर्थ मन्त्रालय (२०४९) *बजेट वक्तव्य आ.व. २०४८/०४९*, काठमाडौं ।

अधिकारी, विष्णुप्रसाद (२०४९), *बृहत शैक्षिक सामान्य ज्ञान*, काठमाडौं : आशीष बुक्स हाउस प्रा.लि., बागबजार ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५), *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयागको प्रतिवेदन*, काठमाडौं : लेखक ।

कार्की, डिल्लीराम (२००२), *फाइनासिङ इन सेकेण्डरी एजुकेशन एण्ड इट्स इकोनमिक इम्प्याक्ट*, (अप्रकाशित शोधपत्र), काठमाडौं : त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस, कीर्तिपुर ।

काफ्ले, वासुदेव शर्मा, गौडेल यादव, अधिकारी, किसान प्रसाद (२०७२), *शिक्षामा वित्तशास्त्र*, काठमाडौं : सनलाइट पब्लिकेशन ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६२), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार*, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

चम्लागाईं, बालकृष्ण (२०७२), *वित्तीय लगानी र सिकाइ उपलब्धि*, (अप्रकाशित शोधपत्र), मोरङ : सुकुना बहुमुखी क्याम्पस, कोशीहरैंचा ।

जोशी, मुरारीमोहन (२०४९), *अर्थशास्त्रको सिद्धान्त*, काठमाडौं : सुकुन्दा पुस्तक भवन, भोटाहिटी ।

जोशी, श्याम (२०५२), *विकास, अर्थ मन्त्रालय तथा योजना*, काठमाडौं : तलेजु प्रकाशन भोटाहिटी ।

थापा, तारा (२०६४), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार*, काठमाडौं : प्रशान्ति प्रकाशन ।

दाहाल, माधवप्रसाद (२०००), *पब्लिक फाइनासिङ अफ एजुकेशन नेपाल, ट्रेन्ड्स एण्ड डिटरमिनेन्ट्स*, (अप्रकाशित शोधपत्र), काठमाडौं : त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस, कीर्तिपुर ।

नेपाल सरकार (२०४९), *शिक्षा नियमावली २०४९*, काठमाडौं : नेपाल राजपत्र ।

नेपाल सरकार (२०५३), *शिक्षा पाचौं संशोधन नियमावली २०५३*, काठमाडौं : नेपाल राजपत्र ।

नेपाल सरकार (२०६७), *शिक्षा सातौं संशोधन नियमावली २०६७,* काठमाडौं : नेपाल राजपत्र ।

मेटकन *कन्सल्टेन्स* (१९९६), *माइक्रो स्टडी अफ स्कूल फाइनान्स,* (शोधपत्र), काठमाडौं ।

विष्ट, मिनबहादुर (२०००), *स्पेक्स टुवार्ड्स इम्प्रुभिङ द क्वालिटी अफ सेकेण्डरी एजुकेशन इन नेपाल,* भक्तपुर : माध्यमिक शिक्षा परियोजना ।

# विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानी

## अनुसूची १

### विद्यार्थीका लागि प्रश्नावली

विद्यार्थीको नामः .............................. ठेगानाः.........................

विद्यालयको नामः ............................... अध्ययनरत कक्षा .........

१. तपाईंको विद्यालयले तलका मध्ये कुन कुन शीर्षकमा कति शुल्क लिने गरेको छ ?

क. भर्ना शुल्क ख. मासिक शुल्क

ग. परीक्षा शुल्क घ. अन्य शुल्क

२. तपाईंले विद्यालयबाट कुनै सहुलियत (सेवा सुविधा) प्राप्त गर्नु भएको छ ? यदि प्राप्त गर्नु भएको छ भने कुन शीर्षकमा प्राप्त गर्नु भएको छ ?

उत्तर : ..........................................................................................

३. के तपाईंले विद्यालयबाट प्रदान गरिने छात्रवृत्ति रकम प्राप्त गर्नु भएको छ ? यदि पाउनु भएको छ भने कति पाउनु भएको छ ?

उत्तर : ..........................................................................................

४. के तापईं पाठ्यपुस्तक खरिद गर्नु हुन्छ कि विद्यालयले निःशुल्क प्रदान गर्छ ?

उत्तर : ..........................................................................................

५. तपाईंलाई अभिभावकले शैक्षिक सामग्री कपी, कलम र पोशाकका लागि कति रकम दिनुहुन्छ ?

उत्तर : ..........................................................................................

६. तपाईंलाई अभिभावकले आवश्यक परे जति खर्च दिन सक्छन् कि सक्दैनन् ?

उत्तर : ..........................................................................................

७. तपाईं यो कक्षासम्म आइपुग्दा कुनै कक्षामा असफल हुनु भयो ? यदि असफल हुनु भयो भने के कारणले भयो होला ?

उत्तर : ..........................................................................................

८. गत परीक्षामा तपाईंले प्राप्त गर्नुभएको विषयगत प्राप्ताङ्कलाई उल्लेख गर्नुहोस् ।

उत्तर : ..........................................................................................

९. तपाईंको विद्यालयमा के कस्ता भौतिक सेवा सुविधा उपलब्ध छन् ?

उत्तर : ..........................................................................................

१०. के तपाइको विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान विषयको कोचिङ कक्षा सञ्चालन हुन्छ ?

उत्तर : ..........................................................................................

११. तपाईंको विद्यालयमा पढाइको अतिरिक्त अन्य क्रियाकलापहरू के के हुने गर्दछन् ?

उत्तर : ..........................................................................................

१२. तपाईंको विचारमा गुणस्तरीय शिक्षाका लागि सरकार र अभिभावक कसले बढी भूमिका निर्वाह गर्दछ ?

उत्तर : ..........................................................................................

१३. तपाईंको विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्न के कस्ता पहल गरेको छ ?

उत्तर : ..........................................................................................

# विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानी

## अनुसूची २

### शिक्षकका लागि प्रश्नावली

शिक्षकको नामः .............................  ठेगानाः.........................

विद्यालयको नामः ...............................  तह .........

१. तपाईंले विद्यालयमा अध्यापन गर्ने विषय कुन हो ?

उत्तर : ...............................................................................................

२. तपाईंले शिक्षण गर्दा पाठ्यपुस्तक बाहेक अन्य कुनै सन्दर्भ सामग्री प्रयोग गर्नुहुन्छ ?

उत्तर : ...............................................................................................

३. तपाईंको विषयमा विगत वर्षहरूमा विद्यार्थीको शैक्षिक उपलब्धि के कस्तो पाउनुभएको छ ?

उत्तर : ...............................................................................................

४. के तपाईंले आफ्नो विषयको लागि अतिरिक्त कक्षा पनि सञ्चालन गर्नुभएको छ ?

उत्तर : ...............................................................................................

५. गत वर्षको S.L.C. परीक्षामा तपाईंको विषयमा कति प्रतिशत विद्यार्थी उत्तीर्ण भए ?

उत्तर : ...............................................................................................

६. तपाईंको विषयमा विद्यार्थीहरूको उत्तीर्णदर वृद्धि गर्न के कस्ता योजना र कार्यक्रमहरू बनाउनुभएको छ ?

उत्तर : ...............................................................................................

७. तपाईंको विषयमा पर्याप्त मात्रमा विषयगत शैक्षिक सामग्रीहरू उपलब्ध छन् ?

उत्तर : ...............................................................................................

८. तपाईंको विषयको सिकाइ उपलब्धि स्तरको स्थिति कस्तो रहेको छ ?

उत्तर : ...............................................................................................

९. तपाईंले विद्यार्थीहरूको उपलब्धि स्तरबारे अभिभावकहरूको चासो कतिको पाउनुभएको छ ?

उत्तर : ...............................................................................................

१०. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर गिर्दै जानुका कारणहरू के के होलान् ?

उत्तर : ......................................................................................................

११. शैक्षिक गुणस्तरमा सुधार ल्याउन के के उपायहरू अपनाउनु पर्ला ?

उत्तर : ......................................................................................................

# विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानी

## अनुसूची ३

### अभिभावकका लागि प्रश्नावली

अभिभावकको नामः .............................  ठेगानाः.........................

लिङ्गः:  ...........................................  शिक्षा .........................

पेशाः ..............................................  उमेरः .........................

१. तपाईंको विद्यालयले कुन कुन शीर्षकमा शुल्क लिने गरेको छ ?

उत्तर : ...........................................................................................

२. तपाईंको विद्यार्थीले विद्यालयबाट के कस्ता सहयोग प्राप्त गरेको छ ?

उत्तर : ...........................................................................................

३. विद्यालयले तपाईंको विद्यार्थीबाट लिने शुल्क सम्बन्धमा तपाईंको धारणा कस्तो छ ?

उत्तर : ...........................................................................................

४. के तपाईंको विद्यार्थीले विद्यालयबाट छात्रवृत्ति प्राप्त गरेको छ ?

उत्तर : ...........................................................................................

५. के तपाईंको नानीको पढाइ र उपलब्धिस्तर सम्बन्धमा विद्यालयले समय समयमा बोलाई छलफल गर्ने गरेको छ ?

उत्तर : ...........................................................................................

६. अहिलेसम्म तपाईंको नानी कुनै कक्षामा असफल भएको छ ? यदि असफल भएको भए के कारणले होला ?

उत्तर : ...........................................................................................

७. तपाईंले खर्च गरे अनुसारको नानीहरूको शैक्षिक उपलब्धि प्राप्त भएको छ ?

उत्तर : ...........................................................................................

८. सरकारी विद्यालयको सम्पूर्ण खर्च कसले व्यहोर्नु पर्छ होला जस्तो लाग्छ ?

उत्तर : ...........................................................................................

९. सामुदायिक  विद्यालयहरूको शैक्षिक गुणस्तरमा सुधार ल्याउन सरकारले के कस्ता कार्यक्रम ल्याउनु पर्छ जस्तो लाग्छ ?

उत्तर : ...........................................................................................

# विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानी

# अनुसूची ४

## प्रधानाध्यापकका लागि प्रश्नावली

विद्यालयको नामः ............................. ठेगानाः.........................

प्र.अ.को नाम ...........................................

१. तपाईंको विद्यालयको आम्दानीका स्रोतहरू के के हुन ?

उत्तर : ...............................................................................................

२. माध्यमिक तहमा सरकारी अनुदान रकम कुन कुन शीर्षकमा कति आउँछ ?

उत्तर : ...............................................................................................

३. अभिभावकहरूबाट पनि कुनै शीर्षकमा रकम असुल गर्नुहुन्छ ?

उत्तर : ...............................................................................................

४. विद्यालयमा प्राप्त सरकारी अनुदान रकम कुन कुन शीर्षकमा बढी खर्च हुन्छ ?

क) शिक्षक कर्मचारी तलब भत्तामा

ख) भौतिक संरचना निर्माण

ग) शैक्षिक सामग्री खरिद तथा निर्माणमा

घ) शैक्षिक कार्यक्रममा

५. तपाईंको विद्यालयमा आर्थिक लगानी अनुसारको शैक्षिक उपलब्धि स्तर कस्तो छ ?

उत्तर : ...............................................................................................

६. शैक्षिक गुणस्तरमा वृद्धि गर्न सरकारले थप कस्ता कस्ता शीर्षकमा अनुदान रकम बढाउनु पर्छ होला जस्तो लाग्छ ?

उत्तर : ...............................................................................................

७. तपाईंको विद्यालयको शैक्षिक स्तर माथि उठाउन के कस्तो योजना बनाउनुभएको छ ?

उत्तर : ...............................................................................................

८. तपाईंको विद्यालयको भौतिक संरचनाहरूको अवस्था कस्तो छ ?

उत्तर : ...............................................................................................

# विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानी

## अनुसूची ५

### विद्यालय व्यवस्थापन समितिको अध्यक्षका लागि प्रश्नावली

विद्यालयको नामः ............................ ठेगानाः........................

विद्यालय व्यवस्थापन समिति अध्यक्षको नाम ..........................................

१. तपाईं अध्यक्ष रहनु भएको विद्यालयको आम्दानीका स्रोतहरू के के हुन् ?

उत्तर : ..........................................................................................

२. तपाईंको विद्यालयमा आउने सरकारी अनुदान रकम के पर्याप्त छ ?

उत्तर : ..........................................................................................

३. विद्यालयको आर्थिक स्रोतलाई प्रभावकारी ढङ्गले परिचालन गर्न वि.व्य.स. ले कस्तो भूमिका निर्वाह गरेको छ ?

उत्तर : ..........................................................................................

४. विद्यालयको आम्दानी खर्च अभिभावक समक्ष कसरी परदर्शी गर्नु भएको छ ?

उत्तर : ..........................................................................................

५. विद्यालयमा अभिभावकको लगानी आवश्यक देख्नु हुन्छ कि हुन्न ?

उत्तर : ..........................................................................................

६. तपाईंको विद्यालयमा शिक्षाको उपलब्धि स्तर सुधार गर्न सरकारले थप कुन कुन शीर्षकहरूमा लगानी गरोस् भन चाहनु हुन्छ ?

उत्तर : ..........................................................................................

७. संस्थागत विद्यालयको तुलनामा अभिभावकहरूले सामुदायिक विद्यालयमा किन लगानी गर्न नरुचाएको हो ?

उत्तर : ..........................................................................................

८. तपाईंको विद्यालयमा शैक्षिक सुधारका लागि गरिएको लगानी अनुरुप सन्तोषजनक उपलब्धि पाउनुभएको छ ?

उत्तर : ..........................................................................................

९. माध्यमिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तपाईं के के समस्याहरू देख्नु हुन्छ र यसको निराकरण गर्न कस्ता उपायहरू अपनाउनु उपयुक्त होला ?

उत्तर : ...........................................................................................

# विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानी

## अनुसूची ६

### अध्ययन क्षेत्रका माध्यमिक विद्यालयको नामावली

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | धुलावारी माध्यमिक विद्यालय | मेचीनगर - १० |
| २. | ज्यामिरगढी माध्यमिक विद्यालय | मेचीनगर - १५ |
| ३ | आदर्श माध्यमिक विद्यालय | मेचीनगर - ८ |

# विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानी

## अनुसूची ७

## नमुना जनसङ्ख्याको नामावली

### विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू

| क्र.स. | वि.व्य.स. अध्यक्षको नाम | विद्यालयको नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्री गणेश नेम्वाङ | धुलावारी माध्यमिक विद्यालय | |
| २ | श्री पदम गौतम | ज्यामिरगढी माध्यमिक विद्यालय | |
| ३ | श्री | आदर्श माध्यमिक विद्यालय | |

### प्रधानाध्यापकहरू

| क्र.स. | प्रधानाध्यापकको नाम | विद्यालयको नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्री महेन्द्रविलास लुइँटेल | धुलावारी माध्यमिक विद्यालय | |
| २ | श्री शान्तिराम चम्लागाईं | ज्यामिरगढी माध्यमिक विद्यालय | |
| ३ | श्री हेमकुमार खड्का | आदर्श माध्यमिक विद्यालय | |

### शिक्षकहरू

| क्र.सं. | शिक्षकको नाम | विद्यालयको नाम | ठेगाना |
|---|---|---|---|
| १ | तेजप्रसाद चम्लागाईं | धुलावारी माध्यमिक विद्यालय | |
| २ | रमेश दाहाल | धुलावारी माध्यमिक विद्यालय | |
| ३ | मुरलीधर कोइराला | ज्यामिरगढी माध्यमिक विद्यालय | |
| ४ | तेजनारायण चौधरी | ज्यामिरगढी माध्यमिक विद्यालय | |
| ५ | तोया दाहाल | आदर्श माध्यमिक विद्यालय | |
| ६ | विनिता खड्का | आदर्श माध्यमिक विद्यालय | |

**अभिभावकहरू**

| क.सं. | अभिभावकको नाम | विद्यालयको नाम |
|---|---|---|
| १ | श्री हर्ककुमार राजवंशी | धुलावारी माध्यमिक विद्यालय |
| २ | श्री लोके धिमाल | धुलावारी माध्यमिक विद्यालय |
| ३ | श्री बासीलाल राजवंशी | धुलावारी माध्यमिक विद्यालय |
| ४ | श्री झरी राजवंशी | धुलावारी माध्यमिक विद्यालय |
| ५ | श्री प्रमिला धिमाल | धुलावारी माध्यमिक विद्यालय |
| ६ | श्री नरेन राजवंशी | धुलावारी माध्यमिक विद्यालय |
| ७ | श्री कृष्णबलि दनुवार | धुलावारी माध्यमिक विद्यालय |
| ८ | श्री महेश मेचे | धुलावारी माध्यमिक विद्यालय |
| ९ | श्री चन्द्रकला चौधरी | धुलावारी माध्यमिक विद्यालय |
| १० | श्री मणिकुमार सेञ्च्युरी | धुलावारी माध्यमिक विद्यालय |
| ११ | श्री कर्म राजवंशी | ज्यामिरगढी माध्यमिक विद्यालय |
| १२ | श्री कोरीयागी सिंह राजवंशी | ज्यामिरगढी माध्यमिक विद्यालय |
| १३ | श्री जीवन राउत | ज्यामिरगढी माध्यमिक विद्यालय |
| १४ | श्री सूर्य ढुंगाना | ज्यामिरगढी माध्यमिक विद्यालय |
| १५ | श्री बोग्दा टुडु | ज्यामिरगढी माध्यमिक विद्यालय |
| १६ | श्री दुर्गादेवी काफ्ले | ज्यामिरगढी माध्यमिक विद्यालय |
| १७ | श्री योगहादुर बुढाथोर्की | ज्यामिरगढी माध्यमिक विद्यालय |
| १८ | श्री सोवितबहादुर बुढाथोकी | ज्यामिरगढी माध्यमिक विद्यालय |
| १९ | श्री बलसिंह राजवंशी | ज्यामिरगढी माध्यमिक विद्यालय |
| २० | श्री बाबुराम लिम्बू | ज्यामिरगढी माध्यमिक विद्यालय |
| २१ | श्री कमला कार्की | आदर्श माध्यमिक विद्यालय |
| २२ | श्री लक्ष्मी श्रेष्ठ | आदर्श माध्यमिक विद्यालय |
| २३ | श्री ओलिन राजवंशी | आदर्श माध्यमिक विद्यालय |
| २४ | श्री सुवास राजवंशी | आदर्श माध्यमिक विद्यालय |
| २५ | श्री केशव विश्वकर्मा | आदर्श माध्यमिक विद्यालय |

| | | |
|---|---|---|
| २६ | श्री जयनुल शेख | आदर्श माध्यमिक विद्यालय |
| २७ | श्री ज्ञानेन्द्र कटुवाल | आदर्श माध्यमिक विद्यालय |
| २८ | श्री शोभा घिमिरे | आदर्श माध्यमिक विद्यालय |
| २९ | श्री टीकाबहादुर जोगी | आदर्श माध्यमिक विद्यालय |
| ३० | श्री सुके किसान | आदर्श माध्यमिक विद्यालय |

**विद्यार्थीहरू**

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम | कक्षा |
|---|---|---|---|
| १ | श्री विक्रम राजवंशी | धुलावारी माध्यमिक विद्यालय | ९ |
| २ | श्री दिनेश धिमाल | धुलावारी माध्यमिक विद्यालय | ९ |
| ३ | श्री गोविन्द राजवंशी | धुलावारी माध्यमिक विद्यालय | ९ |
| ४ | श्री मनोज राजवंशी | धुलावारी माध्यमिक विद्यालय | ९ |
| ५ | श्री फणिन्द्र धिमाल | धुलावारी माध्यमिक विद्यालय | ९ |
| ६ | श्री निलिमा राजवंशी | धुलावारी माध्यमिक विद्यालय | १० |
| ७ | श्री इन्दु दनुवार | धुलावारी माध्यमिक विद्यालय | १० |
| ८ | श्री नमुना मेचे | धुलावारी माध्यमिक विद्यालय | १० |
| ९ | श्री मञ्जु चौधरी | धुलावारी माध्यमिक विद्यालय | १० |
| १० | श्री कमला सेञ्च्युरी | धुलावारी माध्यमिक विद्यालय | १० |
| ११ | श्री आकृति राउत | ज्यामिरगढी माध्यमिक विद्यालय | ९ |
| १२ | श्री अस्मिता चौधरी | ज्यामिरगढी माध्यमिक विद्यालय | ९ |
| १३ | श्री अनिल किस्कु | ज्यामिरगढी माध्यमिक विद्यालय | ९ |
| १४ | श्री शान्तिराम ढुंगाना | ज्यामिरगढी माध्यमिक विद्यालय | ९ |
| १५ | श्री अम्बिका बुढाथोकी | ज्यामिरगढी माध्यमिक विद्यालय | ९ |
| १६ | श्री अधुनलाल राजवंशी | ज्यामिरगढी माध्यमिक विद्यालय | १० |
| १७ | श्री विमला टुडु | ज्यामिरगढी माध्यमिक विद्यालय | १० |
| १८ | श्री लोकबहादुर कार्की | ज्यामिरगढी माध्यमिक विद्यालय | १० |
| १९ | श्री निकिता करुवा | ज्यामिरगढी माध्यमिक विद्यालय | १० |

| | | | |
|---|---|---|---|
| २० | श्री निर्मला राजवंशी | ज्यामिरगढी माध्यमिक विद्यालय | १० |
| २१ | श्री अनिता कार्की | आदर्श माध्यमिक विद्यालय | ९ |
| २२ | श्री अनिशा श्रेष्ठ | आदर्श माध्यमिक विद्यालय | ९ |
| २३ | श्री अस्मिता राजवंशी | आदर्श माध्यमिक विद्यालय | ९ |
| २४ | श्री अजित राजवंशी | आदर्श माध्यमिक विद्यालय | ९ |
| २५ | श्री पूजा विश्वकर्मा | आदर्श माध्यमिक विद्यालय | ९ |
| २६ | श्री साहिवा वेगम | आदर्श माध्यमिक विद्यालय | १० |
| २७ | श्री हिमाल कटुवाल | आदर्श माध्यमिक विद्यालय | १० |
| २८ | श्री प्रतिमा घिमिरे | आदर्श माध्यमिक विद्यालय | १० |
| २९ | श्री रिता जोगी | आदर्श माध्यमिक विद्यालय | १० |
| ३० | श्री मनिषा किसान | आदर्श माध्यमिक विद्यालय | १० |